# प्रभाव दैनिक
National Daily

वर्ष ७ | अंक १६९ | काठमाडौं | आइतबार, १६ कात्तिक २०७७ | Prabhab National Daily, Sunday, November 1, 2020 | URL www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



बालबालिकालाई पढ्न पठाऔं,
उनीहरूको सुखद भवष्यलाई
सुनिश्चित गरौं ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग




**सराङकोटबाट प्याराग्लाइडिङ**

पोखराको पर्यटकीय क्षेत्र सराङकोटबाट शनिबार प्याराग्लाइडिङ गरिँदै । कोरोनाको कहरका कारण लामो समयसम्म थला परेको प्याराग्लाइडिङ केही दिन यता आन्तरिक पर्यटकको उच्च प्राथमिकतामा परेको छ । नेपाल हवाइ खेलकुद संस्थानले पोखरामा प्याराग्लाइडिङका लागि छुटसहितको प्याकेज उपलब्ध गराएको छ । तस्बिरः रासस

# सतहमा नेकपा विवाद



■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को विवाद सतहमा पोखिएको छ । तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकता हुँदा ताका दुई चालकले जम्बो जेट चलाउने भनेर सबैको वाहवाही कमाउन सफल दुई अध्यक्ष केपी ओली र पुष्पकमल दाहालबीच नै पछिल्लो समय मन नमिलेपछि पार्टीको विवाद सतहमा पोखिएको हो ।

राजदूत नियुक्तिको सिफारिस, कर्णाली प्रदेशको मुख्यमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव, मन्त्रिपरिषद्को पुनर्गठनलगायत विषयलाई लिएर दुई अध्यक्षबीच विवाद चल्दै गर्दा भारतीय खुफिया एजेन्ट 'र' का प्रमुख नेपालमा आउँदा प्रधानमन्त्री केपी ओलीले भेट दिएपछि पार्टीमा खटपट सुरु भएको थियो । यस विषयले दुई अधयक्षबीच झन् चर्को विवाद उत्पन्न भएपछि अध्यक्षहरूबीच भेटसमेत भएको थिएन ।

यसैबीच, प्रधानमन्त्री ओलीविरुद्ध अविश्वासको प्रस्ताव नै ल्याउने गरी अर्का अध्यक्ष दाहाल र नेकपाकै प्रभावशाली नेताहरू माधवकुमार नेपाल र झलनाथ खनालले तयारी गरेको समाचार बाहिर आएपछि प्रधानमन्त्री ओली पछि हट्दै आफ्ना विश्वासप्राप्त दूतहरूलाई खुमलटार पठाएका थिए ।

यसैको प्रतिफल दुई अध्यक्षबीचको ११ दिने संवादहीनता तोडिएको थियो । ओली–दाहालबीच ४ कात्तिकमा कर्णाली प्रदेशको विवाद सल्ट्याउने सन्दर्भमा भेट भएयता उनीहरूबीच भेट नभएको मात्र होइन, त्यसयता संवाद ठप्प रहेको स्रोत बताउँछ ।

शनिबार दुई अध्यक्षबीच चलेको करिब दुई घन्टा लामो छलफलमा अध्यक्ष दाहालले अर्का अध्यक्ष एवं प्रधानमन्त्री ओलीसँग पार्टीको सचिवालय बैठक बोलाउनुपर्ने धारणा राखेका छन् । भेटघाटका लागि शनिबार बालुवाटार पुगेका अध्यक्ष दाहालले ओलीसँग पछिल्लो दिनमा भएका राजनीतिक घटनाक्रमबारे धारणा राखेका थिए । त्यसक्रममा दाहालले पार्टीको सचिवालय बैठक बोलाएर छलफल गरिनुपर्ने धारणा राखेको उनीनिकट स्रोतले बताएको छ ।

अध्यक्ष दाहालले कर्णाली सरकारमाथि गएको अविश्वास प्रस्ताव, र प्रमुखसँग सुटुक्क भेटघाट गरेको प्रसंग, पर्सा घटना र कोभिड-१९ बारे धारणा राखेका थिए । तर, दाहालको धारणामाथि प्रधानमन्त्री ओली मौन बसेको स्रोतले बतायो । यसअघि पनि पार्टीमा अनुमोदन नगराई विभिन्न निर्णय लिएको भन्दै अध्यक्षद्वयबीचको विवाद मत्थर भएको मसी सेलाउन नपाउँदै उनीहरूच पुनः तिक्तता सुरू भएपछि पार्टीमा नकरात्मक सन्देश गएको बताइएको छ । त्यसबेल पनि लामो रस्साकस्सीबीच विवाद साम्य भएको थियो । तर, पछिल्ला राजनीतिक घटनापछि दाहाल(ओली भेटघाट नै बन्द भएको थियो ।

शनिबार पार्टीभित्र देखिएको विवाद समाधानका विषयमा केन्द्रित रहेर छलफल भएको भए पनि भेटले कुनै निष्कर्ष भने निकालेको छैन । पछिल्लोपटकको मन्त्रिपरिषद् पुनर्गठन, राजदूत सिफारिस, अन्य नियुक्ति तथा कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीविरुद्ध अविश्वास प्रस्तावलगायत विषयले प्रधानमन्त्री ओलीसँग अर्का अध्यक्ष दाहाल रिसाएका थिए । त्यसपछि ओली निकटका नेताहरू सन्देश लिएर पटक-पटक खुमलटार पुगे पनि दाहालले छलफलका लागि बस्न मानेका थिएनन् ।

त्यसो त गत बुधबार ओलीटिकट महासचिव विष्णु पौडेल र दिउँसो स्थायी कमिटी सदस्य सुवासचन्द्र नेम्वाङ दाहाल निवास खुमलटार पुगेर वार्तामा बस्न अनुरोध गरेका थिए । त्यसपछि ओलीनिकटका नेताहरूले लगातार दाहालसँग भेट गरिरहेका छन् । बिहीबार लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेल र शुक्रबार परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली प्रधानमन्त्री समेत रहेका अध्यक्ष ओलीको सन्देश लिएर खुमलटार पुगेका थिए । शनिबार बालुवाटार जानुअघि वरिष्ठ नेता माधवकुमार नेपालसँग दाहालले छलफल गरेका थिए ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# कफाला प्रणाली हटाउने तयारी



■ प्रभाव संवाददाता

**काठमाडौं–** साउदी अरबले कफाला प्रणाली (स्पोन्सरसिप सिस्टम) हटाउने तयारी गरेको बताइएको छ । साउदी गजेटका अनुसार साउदी अरबले आगामी वर्षको ६ महिनाभित्रमा नै कफाला अन्त्य गर्ने तयारी गरेको हो ।

साउदीले कफाला प्रणाली हटाएपछि यसबाट १० लाखभन्दा बढी आप्रवासी श्रमिकहरू लाभान्वित हुने साउदीका स्थानीय अनलाइन समाचारले लेखेका छन् । साउदी अरबको मानव संशाधन मन्त्रालयले यसका बारेमा सामाजिक विकास मन्त्रालयले औपचारिक घोषणा गर्ने तयारी गरेको समाचारमा जनाइएको छ । आगामी हप्ता यसबारेमा औपचारिक घोषणा हुने बताइन्छ ।

कफाला प्रणालीका कारण खासगरी आप्रवासी श्रमिक तथा साउदीका रोजगारदाताबीच सधैँ जन्जिरमा बाँधिनु परेको थियो तर बअब रोजगार करारको उचित प्रबन्ध हुनेगरी गर्न लागिएको सो निर्णयले लाखौं कामदारलाई राहत मिल्ने बताइएको छ ।

साउदी अरबमा दशकौंदेखि यो प्रणाली जिवित छ । तर, यो प्रणाली हटेपछि रोजगार करार सम्झौता कार्यान्वयनमा आउने बताइएको छ । हालसम्म कायम रहेको कफाला प्रणालीअन्तर्गत विदेशी श्रमिकमाथि रोजगारदाताको पूर्णअधिकार रहने भएकाले यसको विरोध हुँदै आएको थियो ।

कफालाका कारण रोजगारदाताको अनुमति बेगर रोजगारी तथा मुलुक छाड्नसमेत समस्या भइरहेको थियो । कफाला प्रणाली अन्त्य भएपछि आप्रवासी श्रमिकहरूले स्वदेश फर्किन तथा पुनः साउदी अरबमा रोजगारीका लागि जान स्वतन्त्र हुने अपेक्षा गरिएको छ ।

यो प्रणाली हटाइएपछि पुनः साउदी अरब नफर्किने गरी स्वदेश फर्किन वा रोजगारदाताको अनुमति नलिई नै पुनः अर्को रोजगारी खोज्न पाउने अधिकार स्थापना हुने अपेक्षा गरिएको छ ।

# शिखर इन्स्योरेन्समा पाण्डेको निरन्तरता

**काठमाडौं(प्रस)–** शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा दीपप्रकाश पाण्डेले निरन्तरता पाएका छन् ।




लामो समय इन्स्योरेन्स क्षेत्रमा सक्रिय रहेका पाण्डे शिखर इन्स्योरेन्स स्थापनादेखि नै प्रमुख कार्यकारी अधिकृतको रूपमा कार्यरत छन् । शिखर इन्स्योरेन्सका सञ्चालक समितिले पुनः सिइओ नियुक्ति गरी स्विकृतिका लागि बिमा समितिमा पठाएपछि केही विवाद भए पनि बिमा समितिले नियुक्ति भने स्वीकृति दिएको छ ।

उनलाई बिमा समितिले अन्तिमपटकका लागि भनेर ०७३ मा दिएको स्विकृति यही ११ कात्तिकबाट सकिएपछि पनि पाण्डेले निरन्तरता पाउनु नियामक निकाय नभएकोजस्तो देखिन्छ ।

पाण्डे इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत, नेपाल बिमक संघका अध्यक्ष, नेपाल पुनर्बिमा कम्पनी र सिटिजन्स लाइफ इन्स्योरेन्स कम्पनीका सञ्चालक समिति सदस्यसमेत हुन् । बिमा क्षेत्रमा सफल र सबैले चिनेका व्यक्ति भए पनि बिमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका उल्लंघन उनैबाट धेरै भइरहेको बताइएको छ ।

उनले हालै पाएको नियुक्ति बिमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका विपरीत र गैरकानुनी भएको बिमा क्षेत्रमा बताउन थालिएको छ । ०७३ को करारमा प्रष्टरूपमा बिमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, ०७३ को दफा २८ बमोजिम अन्तिम एकपटकको अवधिका लागि स्विकृति प्रदान गरिएको भनेर लेखिएको हुँदाहुँदै पनि उनले निरन्तरता पाइरहेपछि बिमा क्षेत्रमा नै चर्चा चल्न थालेको छ ।

# कोरोनाबाट १७ जनाको मृत्यु




**काठमाडौं(प्रस)–** कोरोनाबाट शनिबार १७ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार शनिबार मुलुकभरमा १७ जनाको मृत्यु भएको हो । यो सँगै अहिलेसम्म ९३७ जनाको संक्रमणबाट निधन भएको मन्त्रालयले जनाएको छ । संक्रमणबाट निधन हुने कुल संक्रमितको ०.५ प्रतिशत रहेको छ ।

पछिल्लो २४ घन्टामा मुलुकभर दुई हजार ५०८ जनामा कोरोना संक्रमण देखिएको छ । मन्त्रालयका अनुसार नौ हजार दुई सय ७९ मा पिसिआर परीक्षण गर्दा उक्त संख्यामा संक्रमण देखिएको हो ।

शनिबारको विवरणमा दुई हजार दुई सय ६४ जना निको भएका छन् । अहिलेसम्म एक लाख ३१ हजार २२२ जना निको भएका छन् । निको हुने दर ७६.९ प्रतिशत रहेको छ ।

संक्रमितमध्ये नौ सय ७६ महिला र एक हजार ५३२ पुरुष रहेका छन् । शनिबार देखिएका संक्रमितसँगै संक्रमण हुनेको संख्या एक लाख ७० हजार ७४३ पुगेको छ भने सक्रिय संक्रमित ३८ हजार ५८४ पुगेका छन् ।

काठमाडौंमा उपत्यकामा आज एक हजार ३५७ जना संक्रमित देखिएका छन् ।

यस्तै भेन्टिलेटरमा प्रदेश नं. १ मा नौ जना, वागमती प्रदेशमा ५२ जना, गण्डकी प्रदेशमा तीन जना, लुम्बिनी प्रदेशमा चार जना र सूदुरपश्चिम प्रदेशमा एक जना उपचार गराइरहेका छन ।

पाँच सयभन्दा बढी संक्रमित भएका जिल्लामा झापा, मोरङ, सुनसरी, काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासी (पूर्व) दाङ, रूपन्देही र कैलाली छन् । शून्य संक्रमित भएका जिल्लामा मुस्ताङ, मनाङ र बाजुरा रहेका छन् ।





**जुम्रा हेर्ने फुर्सद** कोरोना कहरले मानिसको आवागमन कम भएपछि पाशुपात क्षेत्रका बाँदरलाई पनि जुम्रा हेर्ने फुर्सद भएको छ । तस्विर: रासस

# गुर्जो रोप्दै ट्राफिक प्रहरी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** महानगरीय ट्राफिक प्रहरी महाशाखाले अभियानकै रूपमा गुर्जो रोप्न थालेको छ । महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकाल, प्रहरी उपरीक्षक एवं महाशाखाका प्रवक्ता रामेश्वरप्रसाद यादव र प्रहरी कर्मचारीको सहभागितामा गुर्जोको बिरूवा रोपिएको हो ।

यसैक्रममा शनिबार काठमाडौं उपत्यकास्थित ४४ वटै ट्राफिक कार्यालयसहित कोटेश्वरस्थित तीनकुनेको खाली जग्गामा गुर्जोको बिरूवा रोपिएको छ । तीनकुनेमा एक हजार ५०० र ट्राफिक कार्यालयमा पाँच/पाँचवटा गुर्जोको बिरूवा रोपिएको हो ।

कोभिड-१९ को रोकथाम र उपचारका लागि गुर्जो उपयोगी मानिन्छ । प्रमुख ढकालले अग्रमोर्चामा रहेर काम गर्ने प्रहरीलाई स्वास्थ्य जोखिम बढी भएकाले सचेतना र रोकथामका उपायमा ध्यान दिइएको बताएका छन् ।

कार्यक्रममा आन्तरिक राजस्व कार्यालय लाहानका कार्यालय प्रमुख तथा अभियानकर्मी कमलबहादुर राजलवट र राष्ट्रिय योजना आयोगका सहसचिव किशोर जोशीले महाशाखालाई गुर्जोका ती बिरुवा प्रदान गरेका छन् ।

# आकाशदीप दान सुरु

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** शनिबारदेखि आकाशदीप दान सुरु भएको छ । प्रत्येक वर्षझैँ आश्विन शुक्ल पूर्णिमाका दिनदेखि कार्तिक स्नान, आकाशदीपदान एवं तुलसीको विशेष पूजाराधना सुरु भएको हो ।

कात्तिक शुक्ल पूर्णिमासम्म कात्तिक स्नानसहित तुलसीको विशेष पूजाराधना र आकाशदीप दान गरेमा सौभाग्य, सम्पत्ति एवं श्रेय प्राप्ति हुने धार्मिक विश्वास छ ।

आकाशदीप दान पाएसम्म बाँस, नपाएमा पलाँस, खयर, पीपल, आदिको लिंगो ठड्याएर बालिन्छ । आकाशदीपदान विष्णुलाई समर्पण गरी बालिन्छ ।

कात्तिक स्नान गरी घरघरमा विशेषरूपमा तुलसी पूजा गरेमा मनोकामना पूरा हुने धार्मिक विश्वास छ । तुलसीको विशेष पूजा सूर्योदयअघि नै गरिसक्नुपर्ने मान्यता छ । आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक स्नान गरे महापातकबाट पनि मुक्त होइने धार्मिक विश्वास रहेको नेपाल पञ्चांग निर्णायक समितिले जनाएको छ ।

कात्तिक स्नान गर्नेले शनिबारदेखि कात्तिक शुक्ल पूर्णिमासम्म दुई दल भएका मास, मुग, मुसुरो, चना, भटमास आदि अन्न खान नहुने शास्त्रीय मान्यता छ ।

यस अवसरमा शनिबार स्वयम्भू चैत्यमा महादीप दानसमेत गर्ने गरिएको छ ।

आश्विन शुक्ल पूर्णिमाकै दिन मनाइने कोजाग्रत पूर्णिमा भने शुक्रबार राति नै मनाइएको थियो । मध्यरातमा पूर्णिमा भएका दिन कोजाग्रत र सूर्योदय एवं सायंकालमा पूर्णिमा भएका दिन पूर्णिमा व्रत, कात्तिक स्नान सुरु, आकाशदीपदान र तुलसीको विशेष पूजाराधना सुरु गर्नुपर्ने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् बताउँछन् ।

# ‘कहीं नभएको हाँडीगाउँको जात्रा’ स्थगित

**काठमाडौं–** प्रत्येक वर्ष कोजाग्रत पूर्णिमाको भोलिपल्ट काठमाडौं महानगरपालिका-५ स्थित हाँडीगाउँ क्षेत्रमा प्रदर्शन गरिने चोक्काथुनारायणको जात्रा यस वर्ष स्थगन गरिएको छ । तीननारायण एवं ‘ कहीँ नभएको जात्रा हाँडीगाउँमा’ समेत भनिने यो जात्रा यस वर्ष उपत्यकामा बढ्दै गएको कोरोना भाइरसको संक्रमणका कारण स्थगन गरिएको काठमाडौं महानगरपालिका-५ का अध्यक्ष रमेश डंगोलले बताएका छन् । जात्रा नगरिए पनि वार्षिकरूपमा गरिने पूजा आराधनाको विधि भने पुजारीलगायत सीमित गुठियारले सम्पन्न गरिने जनाइएको छ ।

चोकेटनारायण समेत भनिने चोक्काथुनारायणको नाममा गुठी जग्गासमेत राखी जात्रा चलाउने व्यवस्था गरिएको थियो । गुठी संस्थानको लगतमा चोक्काथुनारायण एवं तीननारायणका नाममा गुठी जग्गा राखिएको उल्लेख छ । मन्दिरको ढोकामा रहेको नेवारी भाषाको अभिलेखअनुसार राजा नरेन्द्र मल्लको पालादेखि यो जात्रा सुरु भएको हो । चोक्काथुनाराणको मन्दिर बूढानीलकण्ठबाट ल्याई यहाँ स्थापना गरिएको ‘हाँडीगाउँ : एक परिक्रमा’ पुस्तकका लेखक एवं यस क्षेत्रको सांस्कृतिक परम्पराका बारेमा अध्ययन गरिरहेका यज्ञनाथ आचार्यले बताए ।

जात्रा सुरु भएका सम्बन्धमा एउटा किंवदन्ती प्रचलित छ । जनश्रुतिअनुसार मध्यकालमा हाँडीगाउँमा दुई दिदीबहिनी थिए । दिदी भगवान्प्रति पूर्णरूपमा आस्था राख्थिन् । बहिनी घमण्डी हुनुका साथ भगवान्प्रति पनि उनको आस्था थिएन । विवाहपछि दुवै दिदीबहिनी गर्भवती भए । दिदीले समयमै बच्चा जन्माइन् । बहिनीको गर्भ रहेको १२ वर्षसम्म पनि बच्चा जन्मिएन । बहिनीले श्रीमान्सहित नारायणको आराधना गरिन् ।

सपनामा बूढानीलकण्ठ नजिकको पहाडमा रहेको नारायणको मूर्ति ल्याई उल्टो छाताकारका तीन खटको जात्रा चलाउनु तब तिमीहरूको उद्धार हुनेछ भन्ने आज्ञा भयो । गर्भ रहेको १२ वर्षसम्म बच्चा नजन्मिएको दम्पत्तीले त्यसबेलाका राजा नरेन्द्र मल्लसँग गुहार मागे । राजआज्ञाबमोजिम तान्त्रिकहरू धिमे बाजा बजाई रंगीबिरंगी लुगा लगाएर बूढानीलकण्ठ नजिकको पहाडमा गए ।

मैनको फूल चढाई नारायणको आराधना गरे । चोक्काथुनारायण (तीननारायण) जात्राको परम्परा चलाउने वचन दिए । नारायणलाई हाँडीगाउँ ल्याई यहाँका जनतालाई पर्ने दुःख तथा पीडालाई अन्त गर्न भनी चोक्काथुनारायण मन्दिर स्थापना गरे । यसै बेलादेखि जात्राको पनि सुरुआत भयो ।

मन्दिर स्थापना भएपछि प्रसव वेदनाको समयमा नारायणको मूर्तिमा तेल लगाउँदा वा जात्राको समयमा प्रयोग हुने मैनको फूल सिरानीमा राख्नाले वेदना कम हुने गरेको स्थानीयबासीको अनुभव छ । नारायणको शिरमा तेल खन्याउँदा दायाँतर्फबाट तेल खसे छोरा र बायाँतर्फबाट तेल खसे छोरीको जन्म हुन्छ भन्ने धारणा अहिले पनि रहेको सांस्कृतिक अन्वेषक आचार्यले सुनाए ।

नारायणको जात्रा कमलासनको तीन खट (बाबु, आमा, छोरा) बनाई खटको गजुरलाई उल्टो पारी घुसारेर तीन टोल घुमाई गजुर घुसारेको स्थानमा पूजा गरिन्छ । देशका अन्य स्थानमा हुने जात्रा खटको गजुर उल्टो नपारी गरिने यहाँको नारायण जात्रा भने उल्टो पारेर गरिने भएकाले कहीँ नभएको जात्रा भन्ने गरिएको हो ।

यो जात्रामा पाँच जनाले धिमेबाजा बजाउनुपर्ने र ३० जनाले खट बोक्नुपर्ने प्रचलन छ । जात्रा हेर्न हाँडीगाउँ क्षेत्रका सबै गुठियार जम्मा हुनुपर्ने नियम रहेकाले कोरोनाको महामारीका बेला संक्रमण फैलन सक्ने खतराले यस वर्षको जात्रा स्थगन गरिएको वडा कार्यालयले जनाएको छ । रासस

# नि:शुल्क उपचारको माग

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** देहरादून घटनामा घाइते विद्यार्थीलाई तत्काल उद्धार गरी निःशुल्क उपचारको व्यवस्था मिलाउन नेपाल विद्यार्थी संघले माग गरेको छ । शनिबार नेविसंघका अध्यक्ष राजिव ढुंगानाले एक विज्ञप्ति जारी गरी भारतको देहरादूनस्थित शाक्य एकेडेमीमा अध्ययनरत विद्यार्थीमाथि १० कात्तिकमा निर्घात कुटपिट भएको घटनाप्रति दुःख व्यक्त गर्दै घाइते विद्यार्थीलाई तत्काल उद्धार गरी निःशुल्क उपचारको व्यवस्था मिलाउन माग गरेका हुन् ।

विज्ञप्तिमा भनिएको छ, ‘ अहिलेको विश्व व्यापीकरणको युगमा विश्वको जुनसुकै शिक्षालयमा गएर शिक्षा लिन चाहने व्यक्तिले असल शैक्षिक वातावरणमा शिक्षा लिन पाउनु मानव अधिकारको विषय हो, मानव अधिकारको आधारभूत विषयलाई सबै देशले सम्मानका साथ लागू गर्नुपर्छ ।’ नेविसंघले भारतको शिक्षालयमा अध्ययनरत नेपाली विद्यार्थीमाथि लक्षित गरी गरिएको आक्रमण निन्दनीय भएको जनाएको छ । देहरादून घटनाले विश्वभर छरिएर रहेका नेपाली विद्यार्थीलाई गम्भीर बनाएको संघको दाबी छ ।

विश्वभर छरिएर रहेका नेपाली विद्यार्थीमाथि हुने कुनै प्रकारको अभद्र व्यवहार नेविसंघलाई सैह्य नहुने संघले जनाएको छ । नेविसंघले देशको भविष्य सुनौलो बनाउने सपनाका साथ स्वदेश तथा विदेशमा अध्ययन गरिरहेका विद्यार्थीलाई सबै किसिमको सुरक्षा प्रदान गर्न सरकारसँग माग समेत गरेको छ ।

## आजको राशिफल



**एस्ट्रो राधे, गौरीघाट, काठमाडौं**
**(सम्पर्क–** ९८४९२६८९८२)

२०७७ कात्तिक १६ गते आइतबार
असोज कृष्ण प्रतिपदा तिथि ।
सन् २०२० नोभेम्बर १ तारिख ।

| | |
|---|---|
| **मेष** | असफल काम बन्ने, झुटो आरोप । |
| **वृष** | अनावश्यक तनाव, प्रेम असफल । |
| **मिथुन** | मिष्ठान्न भोजन, व्यापारिक प्रगती । |
| **कर्कट** | शत्रु पराजय, भ्रमण । |
| **सिंह** | अनावश्यक चिन्ता, नयाँ साथीभाइ । |
| **कन्या** | पारीवारीक सुख, सन्तान प्राप्ती । |
| **तुला** | मानसम्मान मिल्ने, सन्तान सुख । |
| **वृश्चिक** | आकसमीक लाभ, दाम्पत्य सफल । |
| **धनु** | नोकरीमा पदोन्नती, पारीवारीक दुख । |
| **मकर** | सन्चित धन नाश, काममा ढिला सुस्ती । |
| **कुम्भ** | काममा जोशजागर, पठनपाठनमा प्रगती |
| **मीन** | ज्ञान आर्जन, सन्तान सुख । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

कात्तिक १६ गते, २०७७ १ नोभेम्बर २०२०)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**पराल बोकेर ल्याउँदै गरेका बालबालिका** | शुक्लाफाँटा नगरपालिकाको वन्साहाका बालबालिका पराल बोकेर गन्तव्यमा जाँदै । गाईगोरुलाई चारोका रुपमा पराल खुवाइने गरिन्छ ।
तस्बिर : राजेन्द्रप्रसाद पनेरु

# कोरोना संक्रमितको मृत्युदर बढ्दै

■ प्रभाव संवाददाता

**विराटनगर**–पछिल्लो २४ घण्टामा विराटनगरका अस्पतालहरुमा मात्र ६ जना कोरोना संक्रमितको मृत्यु भएको छ । मृत्यु हुनेमा झापा र मोरङका २र२ तथा सुनसरी र उदपयपुरका एकएक जना छन् ।

नोबेल मेडिकल कलेजमा चार जनाको मृत्यु भएको छ । कलेजका प्रबन्धक नारायण दाहालका अनुसार उर्लाबारी नगरपालिका-१, झापाकी ६६ वर्षीया  महिलाको शनिबार विहान मृत्यु भएको छ । १३ गते अस्पताल भर्ना भएकी उनलाई सोही दिन कोरोना संक्रमण भएको पुष्टि भएको थियो ।

विर्तामोड, झापाका ७५ वर्षीय पुरुष १२ कातिकमा अस्वताल भर्ना भएका थिए । निमोनियाको समस्या देखिएका उनद्धको शनिबार बिहान १२ः३० बजे मृत्यु भएको छ ।

सुन्दरहरैचा नगरपालिका-१०, मोरङकी ६९ वर्षीया महिलाको शनिबार विहान मृत्यु भएको छ । १० कात्तिकमा कोरोना पुष्टि भएको थियो भने सोही दिन अस्पताल भर्ना भएकी थिइन् ।

इटहरी, सुनसरीका ४३ वर्षीय पुरुषलाई उपचारका लागि नोबेल मेडिकल कलेज पुर्‍याउँदा एम्बुलेन्समा मृत्यु भएको छ । कोरोना पोजेटिभ देखिएपछि उनलाई उपचारका लागि शुक्रबार अस्पताल ल्याउने क्रममा मृत्यु भएको दाहालले जानकारी दिए ।

यस्तै बिराटनगर-३, मोरङका ६५ वर्षीय पुरूषको शनिबार विहान विराट मेडिकल कलेजमा मृत्यु भएको छ ।  उनी कात्तिक ६ गते भर्ना भएको कलेजको आईसोलेसन ईन्चार्ज सुनिल देवले जानकारी दिए ।

उदयपुरकी ४२ वर्षीया महिलाको म्याक्स हस्पिटल विराटनगरमा शनिवार विहान मृत्यु भएको छ । शुक्रबार साँझ अस्पताल भर्ना भएकी उनको बिहान करिब ७ बजे मृत्यु भएको म्याक्स हस्पिटलका म्यानेजर हेमनारायण मेहताले जानकारी दिए ।




त्यसैगरी तुलसीपुर नगरपालिका-१८ का ७० वर्षीय पुरुषको शनिबार दिउँसो नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा मृत्यु भएको स्वास्थ्य कार्यालय बाँकेका कोरोना फोकलपर्सन नरेशबाबु श्रेष्ठले बताए ।

कात्तिक १३ गते अस्पताल भर्ना भएका उनलाई कोरोना संक्रमण भएको शनिबार बिहान मात्र पुष्टि भएको थियो ।

यसअघि दाङकै घोराही उपमहानगरपालिका-४ का ७० वर्षीय पुरुषको नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमै शनिबार बिहान ५ बजे मृत्यु भएको थियो ।

प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार दाङमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ९ पुगेको छ ।

दाङमा ६५ जना कोरोना संक्रमित अस्पतालमा छन् भने ४७० जना होम आइसोलेसनमा छन् । दाङका कुल २१ सय २२ जना संक्रमितमध्ये १५ सय ७८ जना संक्रमणमुक्त भइसकेका छन् ।

घोराही, दाङका एकजना कोरोना संक्रमित बाँकेमा उपचारको क्रममा मृत्यु भएको छ । घोराही उपमहानगरपालिका-४ निवासी ७० वर्षीय पुरुषको बाँकेको कोहलपुरस्थित नेपालगञ्ज मेडिकल कलेजमा शनिबार बिहान मृत्यु भएको हो ।

उनी कात्तिक ११ गते अस्पताल भर्ना भएका थिए । कोरोनासँग मिल्दोजुल्दो लक्षण देखिएपछि स्वाब परीक्षण गर्दा उनमा कात्तिक १२ गते कोरोना संक्रमण पुष्टि भएको थियो ।

उपचारको क्रममा शनिबार बिहान ५ बजेतिर उनको मृत्यु भएको बाँकेका कोरोना फोकल पर्सन नरेश श्रेष्ठले जानकारी दिए ।

योसँगै बाँके जिल्लामा बाहिरी जिल्लाबाट उपचारका लागि आएका १८ जना कोरोना संक्रमितको मृत्यु भएको छ । बाँके जिल्लामा मात्रै ३० जनाको मृत्यु भएको छ ।

धुलिखेल अस्पतालमा उपचार क्रममा काठमाडौं स्थायी घर भएका ७२ वर्षीय वृद्धको मृत्यु भएको छ । उनको मृत्युसँगै काभ्रेमा कोरोनाबाट ज्यान गुमाउनेको संख्या ३३ पुगेको छ । जसमा काभ्रेका ८ महिला र १३ पुरुष र अन्य जिल्लाका छन् ।

# मजदुरको आन्दोलन स्थगित, ६९ जनाको पिसीआर परीक्षण हुने

**दमौली**–पिसीआर परीक्षण गर्ने सहमतिपछि तनहुँ जलविद्युत् आयोजनाका मजदुरले आन्दोलन स्थगित गरेका छन् । तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत सिनो हाइड्रोले परिचालन गरेका मजदुरको पिसीआर परीक्षण हुने भएपछि शुक्रबारदेखि शुरु आन्दोलन शनिबार स्थगित भएको हो ।

आरडिटी परीक्षण पश्चात् पोजिटिभ देखिएका मजदुरलाई काममा लगाएको भन्दै मजदुरले शुक्रबार दिउँसोदेखि आन्दोलन गरेका थिए । आफूहरुको माग बमोजिम पिसीआर परीक्षण हुने भएपछि आन्दोलन स्थगित गरिएको मजदुर मोती श्रेष्ठले जानकारी दिए । 'पोजिटिभ आएका मजदुरलाई आइसोलेशनमा नराखी काममा लगाएपछि विरोध गर्दै आन्दोलनमा उत्रिएका हौँ', श्रेष्ठले भने, 'पिसीआर परीक्षण पश्चात् काम गर्ने गरी आन्दोलन स्थगित गरेका छौँ ।'

यस अगाडी मजदुर र निर्माण कम्पनीबीच दशैं बिदाबाट फर्किएपछि पिसीआर परीक्षण गर्ने सहमति भएको थियो । तनहुँ जलविद्युत् आयोजनाका प्रमुख अच्युत घिमिरेले ६९ मजदुरको आइतबार पिसीआर परीक्षण गरिने जानकारी दिए । 'दशैं बिदा सकेर चार दिन अगाडि आएका मजदुरको पिसीआर परीक्षण गर्ने सहमति भएको छ', उनले भने, 'नतिजा आएपछि मजदुर पुनः काममा फर्किन्छन् ।'



दशैं मान्न घर गएका मजदुर टीकाको भोलिपल्ट काममा फर्किएका थिए । नेपाली मजदुर दशैं बिदामा घर गएका बेला पनि चिनियाँ मजदुरले विद्युतगृह निर्माणको काम सुचारु राखेका थिए । असोज अन्तिम साता सबै मजदुरको पिसीआर परीक्षण गरिनुपर्ने मागसहित मजदुरले आन्दोलन गरेका थिए । निर्माण कम्पनीले सबै मजदुरको पिसीआर परीक्षण गरेपछि काम सुचारु भएको थियो ।

सिनोले आयोजनाको प्याकेज दुई अन्तर्गतको सुरुङ, विद्युतगृह निर्माण र हाइड्रो तथा इलेक्ट्रो मेकानिकल उपकरण आपूर्ति जडानको ठेक्का पाएको छ । एक सय चालिस मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्रशारण लाइन निर्माणको काम पनि अगाडी बढेको छ ।

दमौलीबाट भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रशारण लाइन निर्माण गरिनेछ । उक्त कामको ठेक्का भारतीय कम्पनी केइसीले पाएको छ । प्रशारण लाइनका लागि चालु आर्थिक वर्षमा ३० वटा टावर निर्माण गरिनेछ । प्रशारण लाइनका लागि कूल ९४ वटा टावर निर्माण गरिनेछ । प्रशारण लाइन निर्माणको काम सन् २०२२ मार्चसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

पहिलो प्याकेज अन्तर्गतका कामका लागि तीन वटा कम्पनीको बोलपत्र परेको र ती बोलपत्र उपर मूल्याङ्कनको काम भइरहेको आयोजनाले जनाएको छ । पहिलो प्याकेज अन्तर्गतका कामका लागि लार्सन एण्ड टर्बो इन्डिया, चाइना गेजुवा कम्पनी र सोङ्दा भियतनाम/कालिका जेभीले बोलपत्र पेश गरेका थिए । पहिलो प्याकेजअर्न्तगत १४० मिटर अग्लो कङ्क्रिट बाँध, नदी फर्काउने दुईवटा सुरुङ, अस्थायी बाँधलगायत संरचना निर्माण गरिनेछ ।

आयोजनाका लागि १४० मिटर बाँध, एक हजार १६२ मिटर र ७४ मिटर को मुख्य सुरुङ, ८९ मिटर लम्बाई, २२ मिटर चौडाई र ४४ मिटर उचाई भएको भूमिगृत विद्यूत्गृह निर्माण गरिनेछ । खुद उचाई १२१ मिटर रहने आयोजनाबाट सुख्खायामा १७८.९० मेगावाट र वर्षा याममा ३२३.६८ मेगावाट ऊर्जा उत्पादन गर्नेछ । आयोजनाको कूल लागत ५०५ मिलियन अमेरिकी डलर (प्रशारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) रहेको छ । जाइकाले दोस्रो प्याकेज अन्तर्गतका कामका लागि १८४ मिलियन अमेरिकी डलर व्यहोर्ने छ । रासस

## मृत अवस्थामा फेला

**सिन्धुपाल्चोक**(**प्रस**)–मेलम्ची नगरपालिका-११ ओडारेस्थित मेलम्ची खोलाको किनारमा सोही नगरपालिका-७ दुवाचौर बस्ने ४७ वर्षीया ईर्सानी तामाङ शुक्रबार मृत अवस्थामा फेला परेकी छिन् ।

नवलपरासी (पश्चिम), रामग्राम नगरपालिका-१४ पर्सावलस्थित तुरिया खोलामा सुनवल नगरपालिका-१० हसनापुर बस्ने ७५ वर्षीय तेर्खी कंवर शुक्रबार मृत अवस्थामा फेला परेका छन् ।

नवलपरासी (पूर्व), गैंडाकोट नगरपालिका-१७ स्थित नारायणी नदीको किनारमा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ६५ वर्षीय पुरुष शुक्रबार मृत अवस्थामा फेला परेका छन् ।


## काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१६

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भई समूहको कम्पाउण्डमा घाटगद्धी भएको काठ आन्तरिक, छिमेकी समूह तथा जिल्ला भित्रका उपभोक्तालाई बिक्रि बितरण पश्चात बाँकी मौज्दात रहेको काठ बर्रो, दबदबे, अस्ना, असिद्धा, जामुन, सिरिस, कुसुम, कुम्भी, क्यामुना गरी जम्मा ५८४ थानको ४९१२.८८ क्यू.फि. काठ र मिश्रित दाउरा १०.५ चट्टा सिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्रि गर्नुपर्ने भएकोले मूल्य अभिबृद्धि करमा दर्ता भई वन पैदावार सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी, ब्यक्ति, फर्म वा कम्पनी, उद्योगले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र २२ औं दिनको दिउसो ३ बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्नहुन सम्वन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा सम्वन्धीत अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री रामजानकी सामुदायिक वन उपभोक्ता समूह**
घोडाघोडी न.पा.११ कैलाली


# जुवातास खेलिरहेका ६४ जना पक्राउ

■ प्रभाव संवाददाता

**काठमाडौं**–काठमाडौं, कैलाली, तनहुँ, डडेल्धुरा र महोत्तरीका विभिन्न स्थानबाट जुवातास खेलिरहेको अवस्थामा ६४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं, चन्द्रागिरी नगरपालिका-३ खरिबोटस्थित रुपचन्द्र श्रेष्ठको घरमा तास खेलिरहेका श्रेष्ठ सहित ५ जनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । महानगरीय प्रहरी वृत्त थानकोटबाट खटिएको प्रहरीले उनीहरुलाई तास खेलिरहेको अवस्थामा नगद ५५ हजार ३ सय ९० रुपैयाँ र ३ बुक तास सहित फेला पारी पक्राउ गरेको हो ।

कैलाली, जोशीपुर गाउँपालिका-१ स्याउले बजार बस्ने ३५ वर्षीय यज्ञ बहादुर बिष्टको घरमा तास खेलिरहेको अवस्थामा बिष्ट लगायत २९ जनालाई नगद २ लाख ५१ हजार ४ सय रुपैयाँ र ८ गण्डी तास सहित शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय दिपायल, जिल्ला प्रहरी कार्यालय कैलाली तथा मातहत कार्यालयबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

तनहुँ, भानु नगरपालिका-१० चोकमैदान हानहटिया बस्ने सूर्य कुमार श्रेष्ठको घरमा कौडा खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ५५ वर्षीय अर्जुन उप्रेती लगायत १६ जनालाई नगद ४८ हजार २ सय ७० रुपैयाँ सहित शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय भानु मुकाम डुम्रेबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

डडेल्धुरा, अमरगढी नगरपालिका-५ बस्ने मनोज सिजापतीको घरमा तास खेलिरहेको अवस्थामा ११ जनालाई नगद १८ हजार ३ सय ८५ रुपैयाँ सहित शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय डडेल्धुराबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

महोत्तरी, मनराशिश्वा नगरपालिका-७ बासघारीबाट कौडा खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ४० वर्षीय विनोद कुमार साह समेत ३ जनालाई नगद ३ लाख ३२ हजार ९ सय ६० रुपैयाँ र ९ थान कौडा सहित शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

अस्थायी प्रहरी पोष्ट सलपल्लो र ईलाका प्रहरी कार्यालय बलवाबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । साथै खेलमा संलग्न अन्य फरार व्यक्तिको प्रहरीले खोजी गरिरहेको छ ।

# नेपाल अन्तर्राष्ट्रिय आर्ट एक्टस्को अध्यक्षमा गिरी

**काठमाडौं** (**प्रसं**)–चित्रकला तथा चित्रकारहरुको अन्तर्राष्ट्रिय संस्था अन्तर्राष्ट्रिय आर्ट एक्टस्को नेपाल च्याप्टरको अध्यक्षमा रामहरि गिरी चयन भएका छन् ।

उक्त संस्थाका ग्लोबल चेयरमेन अध्यक्ष डा. दिपेन्कर रोयले शुक्रबार भएको विश्व सम्मेलन मार्फत् नेपालको अध्यक्ष पदमा रामहरि गिरीलाई चयन गरेको घोषणा गरेका थिए । गिरी लामोसमय सम्म अध्यापन पेशामा सकृय रहँदै आएका छन् भने रिसर्च एण्ड डेभलपमेन्ट इन्स्टीच्युट अफ नेपालका महासचिव तथा सामाजिक संस्था च्यालेन्ज फर चेन्ज का अध्यक्ष समेत रहेका छन् । अन्तर्राष्ट्रिय आर्ट एक्टस् विश्वका करिव ९२ वटा मुलुकमा सांगठनिक रुपमा संचालनमा रहेको संस्था हो । आर्ट एक्टस् गठन पछि नेपाली चित्रकला र कलाकारहरुको कलाका माध्यमबाट नेपाललाई विश्व मञ्चहरुमा चिनाउन सकिने अध्यक्ष गिरीले बताएका छन् ।

## आमा कुट्नेपिट गर्ने पक्राउ

**सिरहा**(**प्रस**)–आफ्नै आमा ८५ वर्षीया सुदामा देवी साहलाई कुटपिट गरी घाइते बनाएको अभियोगमा कर्जन्हा नगरपालिका-३ खैरा टोल बस्ने ४७ वर्षीय राम अवतार साह सोनारलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ । घरायसी झगडाको कारण सोनारले मंगलबार आफ्नै आमालाई कुटपिट गर्दा गम्भीर घाइते भएकी हुन् । घाइतेलाई स्थानीय मेडिकलमा सामान्य उपचार पश्चात जनकपुर हुँदै थप उपचारको लागि सिरहा जिल्ला अस्पताल पठाइएको छ ।

## काठ बरामद

**पर्सा**(**प्रस**)–पर्सा जिल्लाको पर्सागढी नगरपालिका-१ गुलरियाबाट शनिबार करीब एक लाख ५० रुपैयाँ बराबरको ५० क्यू.फिट सालको गोलिया काठ बरामद गरेको छ । सो ठाउँस्थित धान खेतमा लुकाई राखेको अवस्थामा प्रहरीले उक्त काठ बरामद गरेको हो । बरामद काठ सब-डिभिजन वन कार्यालय सबैयामा बुझाइएको छ ।


## कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

यस कम्पनीको मिति २०७७/०६/०४ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **अटोमोबाइलस हस्पिटल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **अटो होस्ट प्रा.लि.(प्रा.लि.नं. १८९२६५)** नाम कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७७/०६/१८ को निर्णय अनुसार नाम परिवर्तन गरिएको सूचना प्रकाशित गरिएको छ ।

**अटो होस्ट प्रा.लि. (प्रा.लि.नं.१८९२६५)**
का.म.न.पा.-१५, काठमाडौं, वागमती

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# योजनासहितको सहर विकासको जरुरी

**शनिबार विश्वभर सहर दिवस मनाइयो । सूचना प्रविधिको विकासका कारण अहिले विश्व नै हातमा सिमित बन्न पुगेको छ । यस्तो अवस्थामा सहरको खासै महत्त्व नहुने दिन आउन सक्ने सम्भावना देखिएको छ । विकसित मुलुकहरूले सहरलाई यत्ति चुस्त र व्यवस्थित बनाएका छन्, कि यसलाई हेर्दा नै मख्ख पर्नुपर्ने अवस्था छ । तर, नेपालमा भने सहरको विकासका नाममा अव्यवस्थित बस्ती बसाएर सहर भन्ने शब्दलाई नै नकाम बनाएको देखिन्छ । खासगरी, शासन सत्ता सञ्चालन तहमा पुगेकाहरूले आफ्नो स्वार्थ मात्र पूरा गर्ने भएपछि देश र जनतालाई वास्ता नगर्दा सहरको विकासमा चुस्तता आएको छैन । यसैको मार अहिले नेपालमा बढिरहेको सहरी क्षेत्रमा परेको छ । सहर भन्नेबित्तिकै यसको मापदण्ड बनाउनु पर्नेमा सरकारले यतातिर ध्यान दिनु सकेको छैन । सहर भन्नेबित्तिकै आममानिसहरूको भीड मात्र नभएर व्यवस्थित बजार पनि हो भन्ने कुरा सरकारले बिर्सँदा अहिले सहर भन्ने शब्दप्रति वितृष्णा पैदा हुन थालेको छ ।**

**विकासको मुख्य आधार योजनाबद्ध सहरीकरण हो भन्ने कुरा सरकारमा बस्नेले बुझ्नुपर्थ्यो । नेपालकै सबैभन्दा ठूलो सहर काठमाडौं उपत्यका हो । तर, यहाँको बस्ती व्यवस्थित नहुँदा सहर कहलिन पनि नसुहाउने भएको छ । देशको राजधानीका सहरहरूमा सवारी आवागमन हुन नै मुश्किल अवस्थामा रहेको छ । यत्तिसम्म कि कुनै स्थानमा आगलागी भयो भने सबै ठाउँमा दमकल जान सक्दैन । यत्तिसम्म कि कुनै पनि घरमा बिरामी लैजानका लागि एम्बुलेन्स छिर्ने बाटोसमेत नभएका क्षेत्रलाई सहर भनिएको छ । आफूलाई सजिलो हुने अरुलाई कुनै मतलब नराख्ने सरकारमा बस्नेहरूको नीतिले आमजनता मारमा परेका छन् । दिनदिनै जग्गाको भाउ बढिरहको छ तर उक्त जग्गालाई सरकारले बस्तीमा विकास गर्नुपर्ने बेला सरकारले वास्ता नगर्दा मुलुक अव्यवस्ति सहरको रूपमा परिणत भएको छ ।**

**त्यसमाथि खेतीयोग्य खेतलाई बस्तीमा परिणत गर्न सरकारले स्विकृति दिएर मुलुकलाई भोकमरीमा पार्ने योजना बनाइरहेको देखिएको छ । बस्ती त खेती नहुने रुखो जग्गामा स्थापना गर्नुपर्थ्यो । तर, खेतीयोग्य जमिनमा कंक्रिटको थुप्रो लगाएपछि खाने के ? कृषि प्रधान देशले आज खाद्यान्न आयात गर्नुपर्ने भएपछि सरकारले केही सोच्नु पर्थ्यो कि पर्दैनथ्र्यो ? 'समृद्धि र सुखी जीवनको आधारः हाम्रा समुदाय र सहर' भन्ने नाराका साथ शनिबार नेपालमा पनि विश्व सहर दिवस २०२० मनाइयो तर सहर विकासमा पूरा गरिनुपर्ने न्यूनतम सर्त पूरा नगर्ने हो भने सहरको विकासको कुनै औचित्य छैन । अब त सहरी विकास मन्त्रालय नै बनिसकेको अवस्थामा व्यवस्थित सहरको विकासमा ध्यान पुऱ्याउनुपर्छ । बाक्लो बस्ती भएर मात्र सहर हुँदैन, सहर कहलाउन सहरको न्यूनतम सर्त पूरा गराउने जमर्को सरकारले गर्नु आवश्यक छ ।**



▶▶ सरला अर्याल

# तनाव व्यवस्थापनका यी सरल उपायहरू

तनाव आफैँमा कुनै रोग होइन तर यो शारीरिक तथा मानसिक रोगको कारण हो । यसले मानिसलाई शारीरिक, मानसिक तथा भावनात्मक रूपमा कमजोर बनाउँछ । तनाव फरक परिस्थितिको सामना गर्नुपर्दा शरीरले देखाउने प्रतिक्रिया हो । तनाव हुँदा मुटुको धड्कन बढ्ने, रक्तचाप बढ्ने र अरु थुप्रै शारीरिक तथा मानसिक परिवर्तनहरू हुन्छन् । शरीरमा आवश्यकताभन्दा बढी र कम हर्मोन उत्पादन हुँदा यसले मानसिक तथा शारीरिक स्वास्थ्यमा प्रत्यक्ष असर पार्नुका साथै मानिसको आनी-बानी तथा व्यवहारमा पनि परिवर्तन ल्याउन सक्छ । लामो समयदेखि पिरोलिरहेको तनावको कारण मानिसमा लागुपदार्थ सेवन गर्नेदेखि लिएर आत्महत्या जस्तो गम्भीर सोच पनि आउने गर्छ ।

साधारणतया तनाव सकारात्मक तथा नकारात्मक दुवै हुन्छ । सकारात्मक तनावले आफ्नो लक्ष्यमा पुग्न ऊर्जा दिन्छ । अफिसमा प्रमोसन हुँदा नयाँ कार्यभार सम्हाल्न हुने तनाव जसले गर्दा मानिस अब कसरी राम्रो गर्न सकिन्छ, कसरी आफ्नो जिम्मेवारी पूरा गर्न सकिन्छ भन्नेमा केन्द्रित भएर जोश र जाँगरका साथ काम गर्छ ।

तनावले मानिसको सोच्ने क्षमतामा ह्रास ल्याउनुको साथै विभिन्न किसिमका शारीरिक तथा मानसिक समस्या/ रोग निम्त्याउँछ । तनावका कारण श्वासप्रश्वास प्रणालीमा परिवर्तन आउँदा श्वास फेर्न गाह्रो हुने, टाउको दुख्ने, जीउ दुख्ने आदि हुन्छ भने रक्तसञ्चार प्रणालीमा परिवर्तन आउँदा उच्च रक्तचाप, मस्तिष्कघात तथा हृदयघात पनि हुन्छ । त्यसै गरी तनावको कारणले इन्डोक्राइन प्रणालीमा परिवर्तन आउनाले हर्मोन असन्तुलित हुने, रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउने, वजन बढ्ने, मुड स्विङजस्ता समस्याहरू आउँछन् । यसैगरी तनावको कारण ग्यास्ट्रोइन्टेस्टाइनल प्रणालीमा परिवर्तन आउँदा खाना पचाउने प्रक्रियामा असर पर्ने, अपच तथा पखाला र कब्जियतको समस्या देखा पर्छ ।

अहिले महामारीको रूपमा फैलिएको कोभिड-१९ कोरोना भाइरसले संसारमै तहल्का मच्चाइरहेको छ । मौसमी फ्लुजस्तो लक्षण देखाउने यो कोरोना भाइरसका कारण जनमानसमा एकप्रकारको डर-त्रास फैलिएको छ, साथै भविष्यमा मानसिक रोग निम्त्याउने प्रवल सम्भावना रहेको छ । फरकफरक सर्ने माध्यम र हरेक दिन द्रूतगतिमा बढ्दो संक्रमितको संख्या तथा मृत्युदरको समाचारका कारण मानिसमा निराशा र तनाव बढेको छ । उपचारका लागि खोप पत्ता नलागेको कारण सामाजिक दूरी, मास्कको प्रयोग, साबुन पानीले हात धुने तथा स्यानिटाइजरको प्रयोग नै भाइरसबाट बच्ने सबैभन्दा राम्रो उपाय मानिएको छ । महामारीले गर्दा जनमानसको दैनिक क्रियाकलाप र जीवनशैलीमा परिवर्तन भएको छ ।

वर्तमान समयमा विश्वभरका मानिसहरूले मानसिक समस्या झेल्नु परिरहेको अवस्था छ । मानिस सामाजिक प्राणी भएको कारण यसरी परिवार तथा इष्टमित्रहरूसँग प्रत्यक्ष भेटेर अन्तर्क्रिया गर्न नपाउँदा मानिसहरूले खाली तथा एक्लोपन महसुस गर्नु परेको छ । क्रोध, तनाव, चिन्ता, अनिन्द्रा आदि जस्ता समस्या थपिँदै गएका छन् भने आत्महत्या जस्तो ठूलो समस्या बढिरहेको समाचार दिन प्रतिदिन आइरहेको छ । क्रोध, तनाव, चिन्ता र अनिन्द्रा देख्नमा सामान्य समस्या भए तापनि यसले दीर्घकालीन असर गर्ने हुँदा यसलाई समयमा नै सुधार गर्ने वातावरण सिर्जना गर्नुपर्दछ । तसर्थ तनावलाई व्यवस्थापन गर्न नसक्दा विभिन्न शारीरिक तथा मानसिक समस्या झेल्नु पर्ने हुदा समयमै तनावको पहिचान गरी व्यवस्थापन गर्न सके स्वस्थय जीवन बिताउन सकिन्छ ।

**मानसिक तनाव व्यवस्थापनका उपायहरूः**

**सेल्फ केयरः**

आफ्ना लागि समय निकाल्नु, आफूलाई माया गर्नु, आफ्ना लागि व्यक्तिगत स्पेस बनाउनु, आफ्नो बारेमा आफूले ध्यान दिनु, आफ्नो भावनाको कदर गर्नुजस्ता कुरा नै सेल्फ केयरअन्तर्गत पर्दछ । जुनकुराले आफुलाई तनाव दिन्छ, त्यो कुराबाट टाढा रहनु सेल्फकेयर हो, जस्को कारण मानिसले आफूलाई तनावबाट टाढा राख्न सक्षम हुनुको साथै आत्मसन्तुष्टिको अनुभूति गर्दछ ।

**मनोरञ्जनः**

सबैको आ-आफ्नो रमाउने तरिका हुन्छ, कोही गीत सुनेर मज्जा लिन्छन् त कोही इन्टरनेट सर्फ गरेर त कोही नाचेर, गाएर आनन्द लिन्छन् । आफूलाई मनपर्ने कार्यमा व्यस्त राख्नु तनाव व्यवस्थापनको एउटा राम्रो उपाय हो ।

**सन्तुलित आहारः**

खानाबिना हामी बाँच्न सक्दैनौं । खाने भन्दैमा जे जति बेला पनि खाएर हामी स्वस्थ्य हुदैनौं । खाना आफ्नो शरीरको आवश्यकता, उमेर र कामअनुसार खानुपर्दछ । शरीरको आवश्यकता अनुसार सन्तुलित भोजन गर्दा रोग प्रतिरोधात्मक क्षमता बढ्ने तथा स्वस्थ्य रहने हुँदा तनाव पनि कम हुन्छ ।

रोगी व्यक्तिको तुलनामा निरोगी व्यक्ति तनावमुक्त हुन्छ । तसर्थ स्वस्थ्य जीवनका लागि सन्तुलित आहारको निकै महत्त्वपूर्ण भूमिका हुन्छ । सन्तुलित भोजनमा शरीरको आवश्यक्ता अनुसार पोषण तत्त्व (कार्बोहाइड्रेट, प्रोटिन, भिटामिन, मिनिरल , फ्याट्स) समावेश भएको हुन्छ । साथै हाम्रो शरीरलाई दिनमा ८-१० गिलास पानीको आवश्यकता पर्दछ । साधारणतयाः एउटा वयस्क व्यक्तिलाई दैनिक १८००-२२०० क्यालोरी आवश्यकता पर्दछ ।

हाम्रो समाजमा अझै पनि 'मानसिक स्वास्थ्य' शब्द सुन्नेबित्तिकै नकारात्मक रूपमा लिने गरिन्छ । सामान्यतया मानिसहरू शारीरिक रोगहरू सुगर, प्रेसर, मुटु-रोग तथा क्यान्सर आदिबारे सहजै खुलेर कुरा गर्न पछि पर्दैनन् भने मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरू जस्तै मनमा कुरा खेल्नु, तनाव, चिन्ता, फिक्री, डर-त्रास आदि भएमा खुलेर कुरा गर्न चाहँदैनन् र मनोपरामर्शदाता कहाँ जान पनि हिच्किचाउँछन् ।

**निन्द्राः**

हाम्रो शरीरलाई सन्तुलित आहारको जति आवश्यकता पर्दछ, निन्द्राको पनि उत्तिकै आवश्यकता पर्दछ । शरीर तथा मनलाई स्वस्थ्य राख्न, पाचन प्रणाली ठीक राख्न भित्री अंगहरूले राम्ररी काम गर्न, मुड ठीक गर्न, हर्मोनल ब्यालेन्स गर्न तथा तनाव कम गर्नेजस्ता कामको लागि निन्द्रा अति आवश्यक छ । एउटा वयस्क व्यक्तिलाई दैनिक ६-८ घन्टा निन्द्राको आवश्यकता पर्दछ । सन् २०१५ मा गरिएको एउटा रिसर्च अनुसार निन्द्राले बच्चाको व्यवहार तथा शैक्षिक प्रस्तुतिमा असर पार्दछ ।

**परिवार तथा साथीहरूसँग कुराकानीः**

हिँड्डुल गर्न समय अनुकूल नहुँदा फोन तथा इन्टरनेटको माध्यमद्वारा परिवार तथा साथीहरूसँग कुराकानी तथा छलफल गर्दा तनावलाई कम गर्न सकिन्छ ।

**दैनिक व्यायाम तथा योगः**

जसरी निन्द्रा र सन्तुलित आहारको महत्त्व हुन्छ, त्यस्तै व्यायाम पनि हाम्रो जीवनमा उत्तिकै महत्त्वपूर्ण हुन्छ । खाना, निन्द्रा र व्यायामलाई सन्तुलित गर्न सके रोग लाग्ने सम्भावना न्यून हुनुको साथै तनाव पनि कम हुन्छ । व्यायाम गर्न जिम नै जानुपर्छ भन्ने छैन, इन्टरनेटको माध्यमबाट घरमै बसेर जुम्बा, एरोबिक, योग, ध्यान आदि गर्न सकिन्छ । हिँड्नु पनि एकप्रकारको सरल तथा सबैका लागि अनुकूल व्यायाम हो । व्यायाम गर्दा आफ्नो शारीरिक अवस्था तथा उमेरलाई ध्यानमा राखेर गर्नुपर्छ । व्यायामले हाम्रो शरीरमा हर्मोनल ब्यालेन्स गर्छ जसको कारण तनाव कम हुन्छ ।

**मन पर्ने क्रियाकलाप गर्ने तथा व्यस्त रहनेः**

कुनै पनि काममा व्यस्त हुनुको मतलव त्यो सिर्जनात्मक वा व्यवसायिक हुनुपर्छ भन्ने छैन । घरायसी काम तथा परिवारसँग गुणात्मक समय बिताएर आफूलाई व्यस्त बनाउन सकिन्छ ।

पेन्टिङ, कुकिङ, गीत गाउन/सुन्ने, वाद्यवादन बजाउने, पुस्तक अध्ययन, लेख तथा दैनिकी लेख्ने आदि लगायत आफूलाई मन लागेको कुरा गर्दा तनावलाई कम गर्न सकिन्छ ।

यीबाहेक तनाव कम गर्न आफूलाई सधैँ खुसी राख्ने प्रयास गर्नुपर्छ । मनमा सधैँ सकारात्मक सोच राख्नुपर्छ र असीमित इच्छाहरूको कारण तनाव बढ्ने हुँदा आफ्नो इच्छाहरू सीमित गरेर अगाडि बढ्दा तनाव कम गर्न सकिन्छ । एउटै विचार मनमा बारम्बार आइरहनु, मनमा कुरा खेलिरहनु पनि तनावको कारणले गर्दा हुने भएकाले आफ्नो सोच परिवर्तन गरी वास्तविकतालाई राम्ररी बुझेर प्रतिक्रिया दिँदा सकारात्मक तरिकाले अगाडि बढ्न सकिन्छ साथै शारीरिक तथा मानसिक रूपमा नै स्वस्थ्य रहन सकिन्छ । मानसिक स्वास्थ्य र शारीरिक स्वास्थ्यबीच नङ र मासुको जस्तै सम्बन्ध हुन्छ । तसर्थ मानसिक रूपमा स्वस्थ्य रहन शारीरिक रूपमा स्वस्थ्य हुनु पर्दछ भने शारीरिक स्वास्थ्यको लागि मानसिक स्वास्थ्य ठीक हुनु आवश्यक हुन्छ ।

हाम्रो समाजमा अझै पनि 'मानसिक स्वास्थ्य' शब्द सुन्नेबित्तिकै नकारात्मक रूपमा लिने गरिन्छ । सामान्यतया मानिसहरू शारीरिक रोगहरू सुगर, प्रेसर, मुटु रोग तथा क्यान्सर आदिबारे सहजै खुलेर कुरा गर्न पछि पर्दैनन् भने मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरू जस्तै मनमा कुरा खेल्नु, तनाव, चिन्ता, फिक्री, डर त्रास आदि भएमा खुलेर कुरा गर्न चाहँदैनन् र मनोपरामर्शदाता कहाँ जान पनि हिच्किचाउँछन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार नेपालमा १५-२०५ मानिसहरू मानसिक समस्यामा छन् भनी अनुमान गरेको छ । तसर्थ हाम्रो समाजमा जरो गाडेको यो गलत धारणालाई हटाएर मानसिक स्वास्थ्य पनि शारीरिक स्वास्थ्य जस्तै महत्त्वपूर्ण हुन्छ भन्ने चेतना फैलाउनु आवश्यक छ । मानसिक रोग लाग्नु वा मानसिक समस्या हुनु भनेको कुनै नराम्रो वा अनौठो कुरा होइन् आफ्नो मानसिक स्वास्थ्यको हेरचाह नगर्दा जो कोहीलाई पनि हुन सक्छ र यसको पनि उति नै सहज तरिकाले राम्रो उपचार हुन्छ भन्ने सन्देश जनमानसमा पुऱ्याउनु जरुरी छ । अझ कतिपय सामान्य मानसिक रोगमा त औषधी सेवन नै नगरी पनि निको हुन्छ भन्ने सन्देश फैलाउनु अति आवश्यक छ ।

समयमा नै परार्मशदाता वा मनोविज्ञकहाँ गएको खण्डमा तनाव र एन्जाइटीजस्ता साधारण मानसिक समस्याबाट सहज तरिकाले छुट्कारा मिल्दछ, यदि यस्ता समस्याको समयमा नै समाधान गरे जटिल मानसिक समस्याको सामना गर्नु पर्दैन । फलस्वरूप हाम्रो समाजमा बढिरहेको मानसिक समस्यालाई कम गर्न सकिन्छ र स्वस्थ्य समाजको सिर्जना हुन्छ । देशसञ्चार

मननयोग्य

# विदुर नीति

अग्लो शरीर, ठूलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सर्तक दृष्टिले उनले सबैतिर हेरे र नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे । केही समयपछि फेरि घोषणा भयो- राज्यशिरोमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल - बगलमा नवयौवनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिई अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरएकी मोहनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनासाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो - पूर्णिमाका चन्द्रमाजस्तै चम्किने, मसखमण्डल, मदिराले लट्ठ भएजस्तँ दुई आँखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयं प्रस्तुत गरिरहेकी छन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए ।

चिल्लो भूइँमा ती सुन्दरी माछा उफ्रेजस्तै उफ्री- उफ्री नाचिरहेकी छन् । उनको शरीरमा हाड नै छैनन् भन्नेजस्तै भान परेको छ । धेरै नाचिसकेपछि थाकेकी ती सुन्दरीले राजालाई ढोगिन् । नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट बिउँझेजस्तै - जागेजस्तै) याँके । यसका सँगसँगै त्यसरुढोगिन् । नन्दले असर्फीले भरिएको थैलि नर्तकीतिर दरबारमा बसेका सबैले रूपैयाँको भेटी चढाए, रूपैयाँ नै रूपैयाँको बिस्कुनझैं त्यो ठाउँ देखियो ।

यी सब देखी चाणक्यको क्रेध उनको मुखमा प्रकट भइरहेन्थ्यो । सोच्दै थिए कि के यो मदान्ध राजाका हातमा मगध राज्य सुरक्षित छ ? यदि सिकन्दरले यस राज्यमा लडाइँ गरेका भए त्यो आँधी रोक्नसक्ने क्षमता थियो र नन्दमा ? राम्रो नै भयो सिकन्दर लडाइँ नै नगरी फर्केर गयो तर फेरि पनि त सिकन्दर फर्केर आउन सक्छ । किनकि, आम्भी र पुरु सिकन्दरका अधीनमा गई नै सके ।

मन्त्री राक्षसले दण्डको डर देखाई राज्य सञ्चालन सायद राम्रैसँग गरेकै होला तर जनताबाट नाना किसिमका कर लिई भरिएको राजकोष कसरी लुटाइरहेछ, यो सबैमा त्यो राक्षस त्यत्ति नै दोषी छ जति नन्द दोषी छ । मैले नन्दलाई समाप्त गर्नैपर्छ, मगधका लागि यस राजाको कुनै आवश्यकता छैन । मगधका लागि म आफैं राजाको खोजी गर्नेछु ।

पत्र-मञ्जुषा

# जनताको पक्षमा काम गर

**सम्पादकज्यू,**

लोकतन्त्र आएपछि नेताहरूमा स्वेच्छचारिता देखिन थालेको छ । हिजो पञ्चायती व्यवस्थामा नेताहरू राजाबाट सधैँ त्रसित थिए । गल्ती गरेमा आफूलाई पदच्यूत गरिने डरले मन्त्रीहरू पनि सधैँ नियम, कानुनसम्मत काम गर्ने र जनताका पक्षमा सधैँ चनाखो हुने काम गर्थे तर जब मुलुक गणतन्त्रमा गयो, तब नेपालमा हज्जारौं राजाहरू देखा पर्न थालेका छन् । अहिले राजा छैनन्, आफैँ राजा बनेर जनताको नाममा गर्नुसम्म अनियमितता गर्दै आएका छन् । अहिले नेताहरू देश र जनताप्रति गम्भीर छैनन् । उनीहरू त अनियमितता र भ्रष्टाचार गर्नमै व्यस्त देखिँदै आएका छन् । अनियमितता गर्न गर्नका लागि सत्तामा हुनैपर्ने भएपछि अहिले सरकारले आफ्नो कुर्सी बचाउन अनेकौं हथ्कण्डाहरू मच्चाइरहेको छ । अहिले मुलुक कोरोनाका कारण अस्तव्यस्त भइरहँदा सरकारले भने जनताका बारेमा सोच्नै सकेको छैन । उस्ले त आफ्नो कुर्सी बचाउनमा नै बढी केन्द्रित रहेकाले जनतामा निरासा पैदा हुन थालेको छ ।

कोरोनाबाट जनतालाई बचाउनका लागि कोरोना रोकथाममा प्रभावकारी कदम चाल्नुपर्ने बेलामा अहिले सरकारले आफ्नो स्वार्थमा मात्र काम गरिरहेको देखिएको छ । कोरोना परीक्षण गर्नसमेत सरकार असफल भइरहेको छ, तर आफ्नो कुर्सी बचाउनका लागि भने बिनापरामर्श संसदको चालू अधिवेशन स्थगित गर्ने काम गरिरहेको छ । आफ्नै दलभित्र नै अल्पमतमा परेपछि प्रधानमन्त्रीले बिनापरामर्श संसदको अन्त्य गर्नु अत्यन्तै आलोचनात्मक कार्य हो । सरकारले आकस्मिक रूपमा संघीय संसद्का दुवै सदनको चालु बर्खे अधिवेशन अन्त्य गरेको छ । राष्ट्रपतिबाट पनि मन्त्रिपरिषद्को सिफारिसमा संसद्को बजेट अधिवेशन अन्त्य गरिएको छ । हतारमा हठात् संसद अधिवेशन अन्त्य गरिनुलाई दुःखद्पूर्ण मान्नै पर्छ । सत्तारुढ दलले आफ्नो आन्तरिक द्वन्द्व व्यवस्थापन गर्न नसकेर संसदको अधिवेशन अन्त्य गर्नु अर्को कुसंस्कारको नजिर कायम भएको छ । सत्तारुढ दलको स्थायी कमिटी बैठकमा बहुमत नेताहरूले प्रधानमन्त्रीको राजीनामा माग गरेपछि सरकारले हतारमा संसदको अधिवेशन अन्त्य गरिएको छ ।

सरकार संसदबाट डराएको देखिएको छ । यहि संसदमा नै सरकारविरुद्ध अविश्वासको प्रस्ताव अघि बढ्ला र आफूलाई राजीनामा दिनु बाध्या पार्ला भन्ने डरले सरकारले चालू अधिवेशन अन्त्य गर्नुको कारण मानिएको छ । संसद अधिवेशनको अन्त्यको सिफारिस गर्दा विपक्षी दललाई जानकारी दिनुपर्छ, तर यत्तिसम्म पनि नगरिनु हदै नै भएको छ । पार्टीको आन्तरिक कलह र दम्भमा संसद अधिवेशन अन्त्य गरेर सरकार जनताको समस्या सुन्नबाट भाग्न खोज्नु सरकारको सबैभन्दा ठूलो गल्ती भएको छ । कोरोनाको कहरमा जनताको आवाज उठाउने मुलुकको सर्वोच्च संस्था स्थगन गरेर जनताको अपमान गर्न खोजिएको छ । यसले सरकार निरंकुशतातर्फ गइरहेको देखिन्छ । संसदको सामना गर्न नसक्ने सरकारले जनता बचाउन सफल होला त ? अहिले कुर्सी बचाउने बेला होइन भन्नेसम्म नजान्ने सरकारको कुर्सीमा बसेको छ । तर, सरकारले अहिले कुर्सीको भन्दा बढी जनताको ज्यान बचाउनका लागि बढी केन्द्रित हुनुपर्छ ।

- राम सिवाकोटी, दोलखा ।

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

# सौराहामा अपेक्षाभन्दा बढी पर्यटक

**चितवन**–लामो समयदेखि सुनसान रहेको सौराहामा एक्कासी चहलपहल छाएको छ । लकडाउन र निषेधाज्ञापछि पर्व बिदा समेत परेकाले पर्यटकको चहलपहल बढेको हो । दशैँको टीकाको दिनयता राप्ती किनारका पबहरूमा आन्तरिक पर्यटक बढेका छन् भने होटल बुकिङ भईरहेका छन् । व्यवसायीले अपेक्षा गरेभन्दा बढी पर्यटक सौराहामा आइरहेका छन् । क्षेत्रीय होटल संघ सौराहाका अध्यक्ष दीपक भट्टराईका अनुसार ३० देखि ३५ प्रतिशत होटल बुकिङ भइरहेका छन् । सुनसान अवस्थामा एकाएक पर्यटक आएपछि बिदामा रहेका कर्मचारी डाकेर होटल सञ्चालकले व्यवस्थापन गरिरहेका छन् ।

उनका अनुसार सबै पर्यटक स्वदेशी हुन् । जिल्लाभन्दा बाहिरका पर्यटक बढी रहेको उनले जानकारी दिए । काठमाडौं, पोखरा, वीरगन्ज, बुटवल, नेपालगञ्ज लगायतका क्षेत्रबाट पारिवारिक र समूहगत रूपमा युवाहरू यहाँ आएको भट्टराईको भनाइ छ । उनले भने, 'यसले निरन्तरता पाए राम्रो हुन्थ्यो, भोलिदेखि के हुन्छ थाहा छैन ।' गएको चैत ११ गतेबाट बन्द रहेका सौराहाका होटलहरू बीचमा केही समय खुलेको भए पनि पर्यटक आएका थिएनन् । सौराहामा ११० होटल छन् जसमध्ये एक सय हाराहारीले सेवा शुरु गरेका छन् ।

पर्यटकको चहलपहल बढेसँगै रेष्टुरेन्ट पनि खुलेका छन् । होटलमा भन्दा रेष्टुरेन्टको व्यापार बढी छ । जिल्लाका आन्तरिक पर्यटक घुमेर रेष्टुरेन्टमा रमाएर साँझ फर्किनेहरू पनि छन् भने बाहिरी जिल्लाका पर्यटक भने साँझ सौराहामा नै बस्ने गरेका छन् । रेष्टुरेन्ट एण्ड बार एसोसिएसन (रेवान) सौराहाका अध्यक्ष दीपेन्द्र खतिवडाका अनुसार सौराहामा रहेका ८० रेष्टुरेन्टमध्ये लगभग सबै खुलेका छन् । उनले भने, 'व्यवसायी उत्साहित भएका छन् । क्रमशः बढ्ने हाम्रो अपेक्षा छ ।' राप्ती नदीको किनारमा बनाइएका पबमा बिहानदेखि साँझसम्म रमाउने क्रम बढेको उनले जानकारी दिए ।

पर्यटक आएसँगै दैनिक चितवन राष्ट्रिय निकुञ्जभित्र जीप सफारी, स्थानीय सामुदायिक वनमा हात्ती सफारी शुरु भएको छ । सौराहाबाट काठमाडौं आवतजावत गर्ने पर्यटक बस पनि सञ्चालनमा आएका छन् । क्षेत्रीय होटल संघ सौराहाका पूर्व अध्यक्ष जंगल सफारी लजका सञ्चालक सुमन घिमिरेले दशैँसँगै पर्यटक बढेपछि आफूहरूमा उत्साह थपिएको बताए । आन्तरिक पर्यटक आउने क्रम शुरु भएको भन्दै उनले कोभिड संक्रमण नहोस् भन्नका लागि आवश्यक सम्पूर्ण सुरक्षा मापदण्ड अपनाइएको जानकारी दिए । उनले भने, 'पाहुनाको स्वास्थ्य सुरक्षाका लागि नेपाल सरकारले तोकेको मापदण्ड हामीले पूरा गरेका छौं ।' सबै व्यवसायीले संक्रमण फैलिन नदिनका लागि सतर्कता अपनाएको उनको भनाइ छ ।

सात महिनादेखि घरमा नै पट्यारलाग्दो बसाइले गर्दा पनि आन्तरिक पर्यटकहरू घुम्न रुचाएका छन् । सफारीका लागि यो निकुञ्ज प्रख्यात छ । स्वदेशी र विदेशी पर्यटक यहाँ जंगल सफारीका लागि आउने गर्दछन् । दुर्लभ एकसिंगे गैंडा, बाघ, घडियाल गोही जस्ता जनावर, चराचुरुङ्गीको अवलोकन गर्न पर्यटक आउने गर्दछन् । रासस

# आउँदो अधिवेशनमा प्रदेशको वन ऐन पास गरिनेः मुख्यमन्त्री भट्ट

■ प्रभाव संवाददाता

**कञ्चनपुर**–सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले आउँदो प्रदेशको अधिवेशनमा प्रदेशको वन ऐन पेश गरी पास गरिने बताएका छन् ।

वनका पदाधिकारीले काठ दाउरामा लगाइएको बन्देज खोल्नुपर्ने माग राख्दै मुख्यमन्त्रीमार्फत प्रधानमन्त्रीको कार्यालयलाई ज्ञापनपत्र बुझाएका छन् । वैज्ञानिक वन व्यवस्थापन लागू भएका कञ्चनपुरका १२ वटा सामुदायिक वनका पदाधिकारीले ज्ञापनपत्र बुझाएका हुन् ।

सो क्रममा मुख्यमन्त्री भट्टले पूर्वाग्राही तरिकाले आरोप लगाउने प्रवृद्धि बढ्न नदिन निष्पक्ष छानबिन हुनुपर्ने बताए ।

उनले प्रदेशको वन ऐन नबन्दा संघीय वन ऐनमै भर पर्नु परेकाले संविधानले प्रदेशलाई दिएको अधिकारमाथि हस्तक्षेप हुँदै आएको उनले बताए । उनले सामुदायिक वन व्यवस्थापनमा केही समस्या भएकाले केही सुधार गर्नुपर्ने आवश्यकता भएको बताए । उनले काठको ठेक्का प्रणालीमा पनि सुधारको आवश्यकता औंल्याए ।



उनले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू भएका वनमा गलत क्रियाकलाप भए निष्पक्षरूपमा छानबिन गर्नुपर्ने र राम्रो भएमा त्यसलाई अझै प्रभावकारी बनाउनेतर्फ लाग्नुपर्ने बताए ।

उद्योग, पर्यटन तथा वातावरण मन्त्री माया भट्टले सामुदायिक वनको काठ उपभोक्ताले पाउनुपर्ने आफ्नो धारणा राखेकी छन् । उनले वैज्ञानिक वन व्यवस्थापन भएका वनको काठ संकलनमा लगाइएको रोक हटाउनुपर्ने र समयमै ढलापडा काठ र घाटगद्दीमा राखिएको काठ उपभोक्तालाई उपलब्ध नगराउँदा काठ कुहिएर जाने अवस्था आएको बताईन् ।

प्रदेशको वन ऐन नबन्दासम्म संघकै ऐनले वनसम्बन्धीका कार्य अगाडि बढेको बताईन् । प्रदेशको वन ऐन बनाउँदा सबैको राय र सुझावका आधारमा बनाइने धारणा अघि सार्दै उनले वन ऐन नबन्दा वनसम्बन्धी मुद्दाको चाप बढेको बताईन् ।

शुक्लाफाँटा नगरपालिका-८ मा रहेको बैजनाथ सामुदायिक वनका अध्यक्ष बहादुरसिंह महराले मुख्यमन्त्रीमार्फत प्रधानमन्त्रीलाई पठाइएको ज्ञापनपत्रमा नेपाल सरकार मन्त्रिपरिषद्को जेठ १५ गतेको निर्णयबाट साल काठ दाउरा संकलन तथा बिक्री वितरणमाथि प्रतिबन्ध लगाइएकामा सो निर्णयले वन क्षेत्रबाट काठ चोरी हुने, आगलागीबाट नष्ट हुने, काठको गुणस्तर खस्किँदै जाने, उपभोक्ताको आम्दानीका साथै राजश्वमा समेत नकारात्मक असर पर्ने, उपभोक्ताको घरकाज, मृत्यु संस्कार धार्मिक कार्यलगायतमा उपभोक्तालाई काठ दाउरा उपलब्ध गराउन नसक्दा वन संरक्षणमा उपभोक्ताको नकारात्मक धारणा अभिवृद्धि हुने भएकाले लगाइएको प्रतिबन्ध अविलम्ब फुकुवा गरिनुपर्ने माग राखिएको बताए ।

यसैगरी वैज्ञानिक वन व्यवस्थापन कार्यविधि नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, मौजुदा वन ऐन, नियमावलीबमोजिम सामुदायिक वन उपभोक्ता समूहले निर्माण गरेको कार्ययोजना कार्यान्वयन गराउने सामुदायिक वनका पदाधिकारी, वन कर्मचारीलाई विभिन्न झुटा मुद्दा लगाउने संघीय संसद् सार्वजनिक लेखा समितिबाट गठित वैज्ञानिक वन व्यवस्थापन उपसमितिको प्रतिवेदन खारेज गर्न माग गरिएको छ ।

# वैकल्पिक विधिमा सबै विद्यार्थीलाई समेट्न गाह्रो

**सुदूरपश्चिम**-कोरोना संक्रमणको जोखिमका बीच विद्यालयले शुरु गरेको शिक्षण सिकाइको वैकल्पिक विधिमा सबै विद्यार्थीलाई समेट्न समस्या भएको छ ।

विद्यालय पुगेर कक्षा कोठामा पढ्ने बानी परेका विद्यार्थी तोकिएको वैकल्पिक विधिको पहुँचमा पुग्न नसक्नुका साथै आवश्यक वातावरण पनि मिल्न नसक्दा सिकाइ विधिमा सबै विद्यार्थीलाई समेट्न समस्या देखिएको हो । अधिकांश विद्यालयले अनलाइन कक्षामार्फत शिक्षण सिकाइ गरिरहेकामा कतिपय विद्यालयले सामुदायिक शिक्षण सिकाइ (टोल शिक्षा) मार्फत पठनपाठन गरिरहेका छन् । केही विद्यालयले सीमित सफ्यामा विद्यार्थीलाई विद्यालयमा बोलाएर स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई शिक्षण सिकाइ गरिरहेका छन् ।

सरकारले जारी गरेको सिकाइ सहजीकरण निर्देशिकामा सिकाइका पाँचवटा वैकल्पिक विधि तोकिएको छ । वैकल्पिक विधिको पहुँचमा पुग्न नसक्ने विद्यार्थीको पढाइ सञ्चालन हुन नसकेपछि सम्बन्धित अभिभावक चिन्तित देखिएका छन् । धनगढीको एक बोर्डिङ स्कूलमा आफ्ना छोराछोरीलाई अध्ययन गराउँदै आएका स्थानीय योगेन्द्र चन्दले विद्यालयले शुरु गरेको अनलाइन कक्षाका लागि आफ्नो त्यति पहुँच नभएको र वातावरण पनि नमिलेकाले छोराछोरीको पढाइ रोकिएको बताए ।

विद्यालय गएर पढ्ने वातावरण बनेपछि मात्र छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउने योजना उनले बनाए । उनले भने, 'पढ्नेका लागि सबै विद्यालयको शिक्षण सिकाइ एकैखालका हुन्, बोर्डिङमा नै छोराछोरीलाई पढाउनुपर्छ भन्ने केही छैन ।'

धनगढी उपमहानगरपालिका कार्यालय शिक्षा शाखाका अधिकृत महादेव जोशीले सरकारले जारी गरेको विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ बमोजिम वैकल्पिक विधिको प्रयोग गरी विद्यालयमा पठनपाठन भइरहेको भए पनि सबै विद्यार्थी यो विधिमा नसमेटिएको बताए । झण्डै ६० प्रतिशत छात्रछात्रा मात्र वैकल्पिक विधिमा सहभागी भइरहेको अनुमान गरिएको भन्दै जोशीले भने, 'वैकल्पिक विधिमा सहभागी हुन नसकेका छात्रछात्राको पढाइ भने सञ्चालन हुनसकेको छैन ।'

वैकल्पिक विधिमार्फत पठनपाठन भइरहँदा सिकाइ त्यति प्रभावकारी नभइरहेको गुनासो पनि कतिपय अभिभावकले गर्न थालेका छन् । यद्यपि लामो समयदेखि विद्यालय जान नपाएका छात्रछात्रा भने आ-आफ्नै घरबाट वैकल्पिक विधि अपनाएर पढ्न पाउँदा भने खुशी देखिएका छन् । कोरोनाको जोखिमका कारण उनीहरूमा मनोवैज्ञानिक त्रास पनि उत्तिकै छ ।

कोरोना संक्रमणको जोखिमका कारण विद्यालयका विद्यार्थीको पठनपाठन लामो समयदेखि अवरुद्ध हुँदा सरकारी सामुदायिक विद्यालयमा कार्यरत शिक्षकभन्दा निजी क्षेत्रका विद्यालयका शिक्षकमा कोरोनाको प्रभाव बढी परेको छ । निजी क्षेत्रका विद्यालयमा कार्यरत अधिकांश शिक्षक तलब पारिश्रमिक पाउन नसकेर प्रभावित भएका हुन् ।

स्थानीय शिक्षक जनक पाण्डेयले कोरोना संक्रमणको जोखिमले लामो समयदेखि विद्यालय बन्द हुँदा निजी क्षेत्रका विद्यालय धरासायी बनेको बताए । अहिलेको अवस्थामा वैकल्पिक विधि अपनाएर शिक्षण सिकाइ शुरु गर्दा पनि साविकमा पढ्दै आएका विद्यार्थीमध्ये ४० प्रतिशतले मात्र वैकल्पिक विधिमा सहभागी हुन पाएको उनले बताए । रासस

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

**ईलाम(प्रस)**-१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा माईजोगमाई गाउँपालिका-५ बस्ने २० वर्षीय सचिन राईलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । राईले ती बालिकालाई ललाई फकाई सोही ठाउँस्थित लोक्साङ जंगलमा लगि जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय नयाँबजारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

त्यस्तै धनुषा, ९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा जनकपुर उपमहानगरपालिका-७ भमरपुरा चोक डेरा गरी बस्ने भारत सितामढी थाना बथनाहा ग्रामपञ्चायत भुतही-५ हरीबेला घर भएका ५१ वर्षीय वीरेन्द्र साहलाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । साहलाई प्रहरी चौकी जिरोमाईलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।


## श्रद्धासुमन







जन्म : १९८७ मंसिर
**स्व. भीमबहादुर तामाङ**
मृत्यु : २०७७/०६/२६
भोजपुर नपा-२, फलाटे, भोजपुर

हाम्रा आत्मिय दाजु बरिष्ठ गीतकार एवं नेपाल प्रहरीका एसएसपी टेक तामाङज्युको पूज्यनीय पिता **श्री भीमबहादुर तामाङ** ९० बर्षमा दिवंगत हुनुभएकोले वहाँको घेवा पूजाको पुण्यतिथिमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् । मृतकको आत्माले शान्ति पाउन् हार्दिक समवेदनासहित श्रद्धासुमन अर्पण गर्दछौं ।

**अर्जुनबहादुर तामाङ, अध्यक्ष एवं म्हेन्दो मिडिया प्रालि परिवार**
**श्यामलाल लामा, अध्यक्ष एवं सैलुङअनलाइन परिवार**
**वीरबहादुर लामा, उपाध्यक्ष एवं तामाङ कर्मचारी सञ्जाल परिवार**


## गाँजा सहित आठ जना पक्राउ

**काठमाडौं (प्रस)**–काठमाडौं महानगरपालिका-२६ गोंगबु पवित्रनगरबाट १० किलो अवैध लागूऔषध गाँजा सहित धादिङ गल्छी घर भएका २५ बर्षीय ईश्वर थापा समेत ३ जनालाई शुक्रबार साँझ प्रहरीले पक्राउ गरेको छ ।

शंकास्पद रूपमा बसिरहेका उनीहरूलाई महानगरीय प्रहरी प्रभाग गोंगबुबाट खटिएको प्रहरीले जाँच गर्दा उक्त परिणामको लागूऔषध फेला पारी पक्राउ गरेको हो । साथै उनीहरूले प्रयोग गरेको बा.९० प ६२८९ नम्बरको स्कुटर समेत प्रहरीले बरामद गरेको छ ।

उदयपुर, चौदण्डीगढी नगरपालिका-१० देबधारबाट १ किलो ३ सय ६५ ग्राम लागूऔषध गाँजा सहित सोही ठाउँ बस्ने ७२ बर्षीय सबुरलाल चौधरी समेत ५ जनालाई शुक्रबार बेलुका प्रहरीले पक्राउ गरेको छ । चौधरीलाई बेलटारबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।








जन्म : १९८७ मंसिर
**स्व. भीमबहादुर तामाङ**
मृत्यु : २०७७/०६/२६
भोजपुर नपा-२, फलाटे, भोजपुर

हाम्रा पुजनीय पिता श्री भीमबहादुर तामाङ ९० बर्षको उमेरमा दिवंगत हुनुभएको दुखद घडीमा उहाँको आत्माको चीर शान्तिको कामना गर्दै श्रद्धा सुमन व्यक्त गर्नुका साथै हामी परिवारजनमा समवेदना प्रकट गर्नुहुने सबै इष्टमित्रहरुमा कृतज्ञता प्रकट गर्दछौं ।

**प्रार्थी**

**छोरा/बुहारीहरू**
दानबहादुर तामाङ, दुधीमाया तामाङ
रत्नबहादुर तामाङ, राम्रीमाया तामाङ
टेकबहादुर तामाङ, अनुश्री पाखिन

**छोरीहरू / ज्वाइहरू**
चन्द्री तामाङ/लाखबहादुर सिंगार
मनमाया तामाङ
फुलमाया तामाङ/भक्त योन्जन
देवी तामाङ
भगवती तामाङ/जीतमान बमजन
शुक्रमाया तामाङ/लालबहादुर मोक्तान



प्रदेश सरकार
सुदुरपश्चिम प्रदेश
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
## डिभिजन वन कार्यालय
अछाम

## बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७०७१६

यस कार्यालयमा बोलपत्रवाट तपशिल वमोजिमको निर्माण कार्य गराउनु पर्ने भएकाले सो कार्य गर्न मु.अ.कर तथा आयकर दर्ता र आ.व.२०७६/७७ को कर चुक्ता प्रमाणपत्र स्वघोषणा र उच्च प्रविधियुक्त नर्सरी (Hi Tec Nursery) निर्माण कार्यको अनुभवको प्रमाणपत्र अनिवार्य रूपमा भएका हाइ टेक नर्सरी (Hi Tec Nursery) निर्माण कार्यका लागि इच्छुक निर्माण व्यवसायी इजाजत प्राप्त संघसंस्था कम्पनी तथा निर्माण व्यवसायीहरू समेतले बोलपत्र खरिद गरी सूचनामा उल्लेखित शर्तहरूको अधिनमा रही निम्नानुसारको अवधिभित्र बोलपत्र पेश गर्न हुन सम्बन्धित सवैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । नगद जमानतका लागि राष्टिय वाणिज्य वैंक मंगलसेनमा रहेको प्रदेश लेखा नियन्त्रक कार्यालय अछामको धरौटी खाता नं. ४२६०१००२०२०३०००० ख २-३ मा जम्मा गरेको दोस्रो प्रति बैंक भौचर वा नेपाल सरकारवाट मान्यता प्राप्त बाणिज्य वैंक वा वित्तीय संस्थाबाट जारी गरिएको बोलपत्र दर्ता हुने मितिबाट कम्तिमा १२० दिन म्याद भएको बिडबन्ड पेश गर्नु पर्ने छ । बोलपत्र जमानत र बोलपत्र खरिद भौचर अनिवार्य हुनुपर्ने छ ।

नारायणदेव भट्टराई

| सि. नं. | ठेक्का नं. | कामको विवरण र स्थान | ल.ई.मु.अ. कर तथा कन्टिन्जेन्सी बाहेक रु. | जमानत रकम रु. | बोलपत्र फाराम दस्तुर रु. | बिडबन्ड म्याद | सूचना प्रकाशन भएको मितिबाट | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बोलपत्र खरिद गर्ने | बोलपत्र दाखिला गर्ने र खोल्ने समय |
| १. | १/२०७७/०७८ | डिभजन वन कार्यालय अछाम परिसरभित्र उच्च प्रविधियुक्त नर्सरी (Hi Tec Nursery)निर्माण कार्य | ३४९३१२३।०६ | १०३०००।०० | ३०००।०० | बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको बिडबन्ड | ३०औं दिनको कार्यालय समयसम्म उक्त दिन बिदा परेमा सो को भोलि पल्ट । | ३१औं दिनको १२.०० बजेभित्र उक्त दिन बिदा परेमा सो को भोलिपल्ट र सोहि दिन २ बजे यस कार्यालयमा खोलिने छ । |

प्रभाव दैनिक
National Daily





## अमेरिकातिर वर्षा

दसैं सकिनेबित्तिकै वर्षा सिवाकोटी अमेरिका उडेकी छन् । कोरोना भाइरसका कारण कलाकारहरूले विदेश यात्रा गर्न नपाएकै बेला नायिका वर्षा भने दसैंलगत्तै अमेरिका उडेकी हुन् । कोरोनाका कारण कलाकारहरूको आम्दानीमा ठूलो प्रभाव पारेकै बेला नायिका वर्षा अमेरिका उडेपछि उनको बारेमा सोधखोज गर्नेका लर्को लागेको बताइन्छ । बताइए( अनुसार दसैंलगत्तै परदेश २ को छायांकन गर्ने योजना बनिराख्दा वर्षा अमेरिका उडेपछि चलचित्रको छायांकन प्रभावित हुने सम्भावना छ ।



आइतबार, १६ कात्तिक २०७७ Sunday, November 1, 2020)



# कसले चोर्‍यो मेरो मन-२ को तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र कसले चोर्‍यो मेरो मनको दोस्रो भाग बन्ने भएको छ। सो चलचित्रको दश वर्षपछि 'कसले चोर्‍यो मेरो मन-२' नाम राखेर निर्माता छवि ओझाले चलचित्र बनाउन लागेका हुन् ।

रेखा थापा र आर्यन सिग्देलको दबदबा रहेको समयमा बनेको 'कसले चोर्‍यो मेरो मन'को 'नेम सिक्वेल' बन्ने भएपछि चलचित्र बजार तात्न थालेको छ। तर, अब बन्ने चलचित्रमा कथा भने नयाँ हुने बताइएको छ। यो चलचित्र पनि 'कसले चोर्‍यो मेरो मन' निर्देशन गरेका सबिर श्रेष्ठले नै निर्देशन गर्दै छन् । यो चलचित्रमा रेखा र आर्यन नदोहोरिने करिब करिब निश्चित भएको छ। नयाँ कथामा चलचित्र बन्ने भएकोले नयाँ कलाकारहरू रहने बुझिएको छ।

'कसले चोर्‍यो मेरो मन' दश वर्ष पहिले रेखा फिल्मस्को ब्यानरमा बनेको थियो । 'कसले चोर्‍यो मेरो मन-२' भने निर्माता ओझाले नयाँ कम्पनी दर्ता गरेर बनाउन लागेको बुझिएको छ।

त्यसो त रेखा थापाले तीन वर्ष 'कसले चोर्‍यो मेरो मन फेरि' नाममा चलचित्र बनाउने घोषणा गरेकी थिइन् तर, सो प्रोजेक्टलाई रोकेर उनले 'रुद्रप्रिया' बनाएकी थिइन् । रेखाले बनाउने भनेको 'कसले चोर्‍यो मेरो मन फेरि'मा पनि निर्देशक सबिर नै थिए भने रेखा आफैंले अभिनय गर्ने भएकी थिइन् ।



# दीपक-निश्चल एकताको संकेत

■ प्रभाव संवाददाता

**काठमाडौं–** लामो समय सानो पर्दामा रहेर ठूलो पर्दामा पुगेको दीपकराज गिरी र नेपाली चलचित्रको कथालाई नै उलटपुलट बनाउन सफल निश्चत बस्नेतबीच एकताको संकेत देखिएको छ।

कोरोनाका कारण लामो समय ठप्प रहेको नेपाली चलचित्र क्षेत्रका यी दुई कलाकारले शुक्रबार काठमाडौंको गोकर्ण फरेस्ट रिसोर्टमा निर्देशक दीपाश्री निरौला र अभिनेत्री स्वस्तिमा खड्काबीच विशेष भेटघाट भएपछि उनीहरूबीच एकताको संकेत देखिएको हो ।

बताइएअनुसार 'लुट' पछि नेपाली फिल्ममा कथा भन्ने शैली नै परिवर्तन गरेका निश्चल र दीपकबीच नयाँ चलचित्र बनाउने सहकार्यको चर्चा चलेको छ। त्यहाँ उनीहरू रात्रिभोजमा सरिक भएका थिए। स्वस्तिमा र दीपाश्रीले सामाजिक सञ्जाल इन्स्टाग्राममा गोकर्ण रिसोर्ट घुमेका र कुराकानी गर्दै डिनर गरेका तस्बिर तथा भिडियो क्लिप्सहरू सेयर गरेका छन् ।

दीपक र निश्चलको यो भेटघाटलाई कलाकारहरूले विशेष रूपमा लिएका छन् । नयाँ चलचित्रमा सहकार्यका लागि उनीहरूबीच भेटघाट भएको हुन सक्ने बताइएको छ। तर, उनीहरूबीच कुन शिलशिलामा भेटघाट भएको थियो, त्यो भने खुलेको छैन। यो अवस्थामा यी दुई ठूला मेकरबीच टिमअप हुन सकेको खण्डमा नेपाली फिल्म क्षेत्रका लागि निकै फाइदाजनक हुने कतिपय कलाकारले बताइरहेका छन् ।



# निता र सोनिमलाई स्वर्ण





■ प्रभाव संवाददाता

**काठमाडौं –** अनलाईन कराते विश्व च्याम्पियनसिपमा नेपालले २ स्वर्ण सहित कुल १० पदक जित्न सफल भएको छ। नेसनल कराते अफ ब्राजिलको आयोजनमा भएको अनलाईन काता च्याम्पियनसिपमा नेपालले २ स्वर्ण, १ रजत र ७ कास्य पदक जितेको हो।

नेपालका लागि निता आचार्य र सोनिम मानन्धरले स्वर्ण जित्न सफल भएको प्रशिक्षक तथा खेलाडी रविन्द्र मानन्धरले जानकारी गराए।

ब्राउन बेल्ट देखि ब्लाक बेल्ट सम्मको प्रतिस्पर्धा गराईएको च्याम्पियनसिपको १३ देखि २१ वर्ष समूहमा निताले २४.७० अंक प्राप्त गर्दै आयोजक ब्राजिलकी क्यारोलिन एजोभेदोलाई पराजित गर्दै स्वर्ण कब्जा गरेकी हुन्। क्यारोलिनले २४.५५ अंक प्राप्त गरेकी थिईन्। तेश्रो स्थानमा ईन्डोनेसिया र भारतका खेलाडीहरू रहे।

यस्तै पुरुषतर्फको सोहि स्पर्धामा नेपालका सोनिमले २४.९६ अंकका साथ स्वर्ण हात पारे। उनले भारतको सायक कमाकरलाई पराजित गरेका थिए। सायकले २४.७३ अंक हात पारेका थिए। तेश्रो स्थानमा क्युवा र ब्राजिलका खेलाडी रहे। निता र सोनिमले वेष्ट अफ दि वेष्ट तर्फ पनि कास्य पदक प्राप्त गरे। निताको समूहमा ब्राजिलले स्वर्ण, पेरुले रजत र ईन्डोनेसियाले कास्य पाए। यस्तै सोनिमको समूहमा मोरक्कोले स्वर्ण प्राप्त गर्दा ईन्डोनेसियाले रजत र कास्य पायो।

यस्तै नेपालका लागि सञ्जु देसारले रजत हात पारिन्। महिला १४ देखि १५ वर्ष उमेर समूहमा देसारले २५.३१ अंक प्राप्त गरेकी थिईन्। प्रथम स्थान हात पारेकी इन्डोनेसियाकी नविला सकिलालिनोमले २५.३५ अंकका साथ स्वर्ण जितेकी थिईन्। तेश्रो स्थानमा रसिया र ब्राजिलका खेलाडी रहे।

पुरुष ग्रिनदेखि ब्लाकबेल्ट ८ देखि ९ वर्ष उमेर समूहको प्रतिस्पर्धामा सत्कार घर्ती मगरले ३७.१० अंक प्राप्त गर्दै नेपालका लागि कास्य जोडे। भेनेजुएलाका ग्राबिल ईडुआर्डोले ३२.३० अंकका साथ स्वर्ण र ईन्डोनेसियाका मोहमद अल तरावीले ३२.१७ अंकका साथ रजत पाए। यस्तै पेरुका आर्तुरो सान्चेजले कास्य पाए।

महिलाको ह्वाईट/एलो बेल्टको १४ - १५ वर्ष समूहमा दीपिका सापकोटाले २३.०१ अंकका साथ कास्य पाईन्। सो स्पर्धामा आयोजक ब्राजिलका खेलाडीहरूले स्वर्ण, रजत र कास्य पाए। यस्तै महिलाकै अरेन्ज / रेड बेल्टमा अनुभा मङ्गर्तीले कास्य पाईन्। उनले २२.७३ अंक हात पारेकी थिईन्। सो स्पर्धामा उज्वेकिस्तानले स्वर्ण तथा ब्राजिलले रजत र कास्य पाए।

महिला जुनियर १३ देखि २१ वर्ष उमेर समूहमा मिस्ली श्रेष्ठले २३.५३ अंकका साथ कास्य हात पारिन्। यस स्पर्धामा पहिलो, दोश्रोका साथै अर्को तेश्रो स्थान ब्राजिलले हात पार्यो।

१२ देखि ३१ वर्ष ब्लाक बेल्ट स्पर्धामा भने नेपालका खेलाडी राजकुमार श्रेष्ठ पाँचौ स्थानमा रहे।

मास्टर्स ३२ देखि ४१ वर्ष उमेर समूहमा नेपालका प्रशिक्षक एवं खेलाडी रविन्द्र मानन्धरले कास्य पदक प्राप्त गरे। उनले २४.१७ अंक प्राप्त गरेका थिए। सो स्पर्धामा स्वर्ण र रजत आयोजक ब्राजिलले हात पार्यो। हेल्दर कोटेस बोनिफासियोले २४.७३ अंक र कृष्टिआनो भानीले २४.३० अंकका साथ स्वर्ण र रजत प्राप्त गरे। अर्को कास्य पदक ब्राजिलकै पोल्टमा पर्‍यो।

उक्त च्याम्पियनसिपमा नेपालको तर्फबाट रवी शाहीले संयोजनको भूमिका निर्वाह गर्नुका साथै निर्णायकको भूमिका पनि निर्वाह गरेको प्रशिक्षक रविन्द्र मानन्धरले जानकारी गराए।

# सप्तरी क्रिकेटसंघको साधारणसभा सम्पन्न

■ प्रभाव संवाददाता

**राजविराज –** सप्तरी जिल्ला क्रिकेट संघको वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ। राजबिराजमा सम्पन्न साधारण सभामा संघका सचिव चन्दन यादवले वार्षिक प्रतिवेदन पेश गर्दै गत वर्ष संचालित प्रतियोगिता तथा प्राप्त उपलब्धीबारे जानकारी गराएका थिए।

प्रतिवेदनमा कोरोना भाईरसको महामारी पूर्व संचालन गरिएका गतिविधीबारे समेटिएको छ।

यस्तै सरकारले खेलकुद गतिविधी संचालन गर्न अनुमति दिएमा मेयर कप सप्तरी प्रिमियर लिग सिजन ३, सप्तरी महिला प्रिमियर लिग सिजन २, अम्पाएर कप जिल्ला स्तरीय क्रिकेट प्रतियोगिता, अम्पाएर स्कोरर तालिम लगायतका गतिविधि संचालन गर्ने योजना प्रतिवेदनमा समेटिएको छ।

उक्त गतिविधी संचालनका लागि सचिव यादवले करिव ४२ लाख ६० हजारको अनुमानित बजेट समेत पेश गरेका छन्।

साधारण सभामा संघका कोषाध्यक्ष तुलानाथ माझीले गत वर्ष ३१ लाख १८ हजार २ सय १८ रूपैया खर्च भएको विवरण पेश गरेका थिए।

सप्तरी प्रिमियर लिग सिजन २ संचालनका लागि २० लाख १३ हजार ६ सय १ रूपैया, सप्तरी महिला प्रिमियर लिग संचालनको लागि ९ लाख ८९ हजार ५० रूपैया र आफना नियमित खेलाडी तथा पदाधिकारीहरूको कोभिड बिमासहित अन्य खर्चको त्यस विवरणमा समेटिएको छ।

कार्यक्रममा मेयर कप सप्तरी प्रिमियर लिग प्रतियोगिता अन्तर्गत उत्कृष्ट प्रर्दशन गरेका रूपनी रायर्डसका अनुज यादवलाई पूर्व क्रिकेटर दिपेन्द्र चौधरीले प्रायोजन गरेका क्रिकेट ब्याट समेत प्रदान गरिएको थियो।

सामाजिक दुरी कायम राख्दै संचालन गरिएको उक्त कार्यक्रममा साधारण सदस्य बाहेकको उपस्थिती गराइएको थिएन।

राजबिराज नगरपालिकाका नगर प्रमुख शम्भु प्रसाद यादवको प्रमुख आतिथ्यतामा भएको साधारण सभा सप्तरी क्रिकेट संघका अध्यक्ष आयुश श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो।

# मुम्बईविरुद्ध दिल्लीको शर्मनाक हार



■ प्रभाव संवाददाता

**युएई –** साविक विजेता मुम्बई इन्डियन्सले युएईमा जारी १३ औं संस्करणको इन्डियन प्रिमियर लिग (आईपीएल) टी-ट्वान्टी क्रिकेटमा दिल्ली क्यापिटल्सलाई पराजित गरेको छ। दुबईमा शनिबार भएको खेलमा मुम्बईले दिल्लीलाई ९ विकेटले पराजित गरेको हो। दुबई अन्तराष्ट्रिय क्रिकेट स्टेडियममा दिल्लीले दिएको १ सय ११ रनको लक्ष्य मुम्बईले १४ ओभर २ बलमा मात्र १ विकेट गुमाएर पुरा गर्‍यो।

मुम्बईको जितमा इशान किशनले अविजित रहदै ७२ रनको अर्धशतकीय इनिङ्स खेले। उनले ४७ बलमा ८ चौका र ३ छक्का प्रहार गरे। क्विन्टन डी ककले २६ रन जोड्दा सूर्यकुमार यादब १२ रनमा अविजि रहे। दिल्लीका एनरिच नोर्टजेले एक विकेट लिए।

यस अघि टस हारेर पहिले ब्याटिङ गरेको दिल्लीले २० ओभरमा ९ विकेट गुमाएर १ सय १० रन बनाएको थियो। खराब ब्याटिङ गरेको दिल्लीका लागि कप्तान श्रेयस एयरले सर्वाधिक २५ रन जोड्दा ऋषब पन्तले २१ रन बनाए। शिम्रन हिटमायरले ११ रन बनाउदा ओपनर पृथ्वी शले १० रन जोडे। रविचन्द्र आश्विनले १२ रन बनाउँदा शिखर धवन सुन्य रनमा आउट भए। कागिसो राबडा १२ रनमा आउट हुँदा प्रविन डुबे ७ रनमा अविजित रहे। मुम्बईका जस्प्रित बुम्राह र ट्रेन्ट बोल्टले समान ३र३ विकेट लिए। राहुल चाहर र नाथन कल्टरले १र१ विकेट लिए। जितसँगै मुम्बईले तालिकाको शीर्ष दुईमा आफ्नो स्थान पक्का गरेको छ। र, मुम्बई क्वालिफायरमा प्रवेश गरेको छ ।

अन्तिम खेलमा पराजित भएपछि मुम्बई शीर्ष दुईमा रहने छ। मुम्बईले १३ खेलमा १८ अंक जोडेको छ। मुम्बई शीर्ष स्थानमा यथावत रहेको छ। मुम्बईसँग पराजित भएपछि दिल्लीको भने प्ले अफ यात्रा कठिन बनेको छ। दिल्लीलाई प्ले अफ पुग्न अन्तिम खेल जित्नै पर्ने भएको छ। दिल्लीले १३ खेलमा १४ अंक जोडेको छ। दिल्ली तेस्रो स्थानमा रहेको छ।

दिल्लीले लिग चरणको अन्तिम खेलमा रोयल च्यालेन्जर्स बैंगलोरसँग खेल्नेछ। बैंगलोरविरुद्ध खेल गुमाएमा दिल्लीको प्ले अफ यात्रा सकिनेछ।

# टर्की, ग्रिस र अफगानिस्तानमा भूकम्प कम्तीमा सत्रको मृत्यु, उद्धार जारी

**अंकरा-टर्की,** ग्रिस र अफगानिस्तानमा शुक्रबार शक्तिशाली भूकम्प गएका छन् । भूकम्पका कारण टर्कीमा कम्तीमा १७ जनाको मृत्यु भएको छ भने अन्य देशहरूमा अहिलेसम्म मानवीय क्षतिको विवरण प्राप्त नभएको अधिकारीहरूले जनाएका छन् । टर्कीको इज्मीर शहरमा ७ म्याग्निच्युडको भूकम्प गएको र अहिले पनि खोजी तथा उद्धार कार्य भइरहेको जनाइएको छ ।

भूकम्पका कारण अहिलेसम्म कम्तीमा ७०९ जना घाइते भएको विवरण प्राप्त भएको टर्कीको प्रकोप तथा विपद् व्यवस्थापन कार्यालयले जनाएको छ । भूकम्पपछि सयौं पटक पराकम्प पनि महसुस गरिएको स्थानीय बासिन्दाले जानकारी दिएका छन् ।

राष्ट्रपति रेसेप टयीप एर्डोगानले टेलिभिजनमार्फत सम्बोधन गर्दै खोजी तथा उद्धार कार्य भइरहेको र सबै जना त्यसमा सहभागी हुन वा सहयोग गर्न आह्वान गरे । उनले त्रसित नहुन, सुरक्षा र सतर्कता अपनाउन पनि सबैलाई आग्रह गरेको थियो । स्थानीय अधिकारीहरूका अनुसार दर्जनौं घरहरू भत्केको विवरणहरू आएको र अरु विवरण पनि आउने क्रममै रहेको उनले जानकारी दिए । अधिकारीहरूले अरु धेरै मानिस पुरिएको हुनसक्ने आशामा



उद्धारकर्ताहरूले खोजी कार्य गरिरहेका छन् ।

अमेरिकी भूगर्भ निकायका अनुसार ७ म्याग्नीच्युडको भूकम्पको धक्का धेरै टाढा ग्रिसको राजधानी एथेन्स र टर्कीको राजधानी इस्तानबुलमा समेत महसुस गरिएको थियो । टर्कीमा बेला-बेलामा भूकम्प गइरहन्छ । सन् १९९९ मा इज्मिरमा गएको भूकम्पमा करिब १७ हजार मानिसले ज्यान गुमाएका थिए ।

टर्की र ग्रिस दुवै देशमा भूकम्प गएपछि टर्कीका राष्ट्रपति एर्डोगान र ग्रिसका प्रधानमन्त्री किरियाकोस मित्सोताकिसले टेलिफोनमा कुराकानी पनि गरेको छ । उनीहरूका बीचमा क्षतिको अवस्था, व्यवस्थापनका उपाय, सहकार्यलगायतका विषयमा केन्द्रित रहेर कुराकानी भएको टर्कीको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

यसैबीच अफगानिस्तानमा पनि ४.२ म्याग्नीच्युडको भूकम्प गएको छ । राजधानी काबुलको उत्तरपूर्वी क्षेत्रमा भूकम्पको केन्द्रविन्दु रहेको अधिकारीहरूले जनाएका छन् । अफगानिस्तानमा आएको भूकम्पको कुनै मानवीय तथा भौतिक क्षतिको विवरण भने प्राप्त भइनसकेको सरकारले जनाएको छ । (रासस/एएनआई)

# आतंककारी हमलाको राष्ट्रसंघद्वारा निन्दा

**न्युयोर्क–** संयुक्त राष्ट्रसंघले फ्रान्समा बिहीबार भएको आतंककारी हमलाको कडा शब्दमा निन्दा गरेको छ । संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटर्रेसले सो हमलाको निन्दा गरेको हो । उनका प्रवक्ता स्टेफन डुजारिकद्वारा जारी विज्ञप्तिमा महासचिव गुटर्रेसले त्यसको विरोध गरेको जनाइएको छ ।

फ्रान्सको निस सहरमा बिहीबार चक्कुले हमला गरी एकजना व्यक्तिले तीन जनाको हत्या गरेको थियो । पछि उसलाई पनि पक्राउ गरिएको बताइएको छ । चक्कुले हमला गरी गरेको सो हत्या आतंककारी हमला हो भन्दै महासचिव गुटर्रेसले त्यसमा संलग्न भएका व्यक्तिलाई जतिसक्दो कडा कारबाही गरिनुपर्ने धारणा राखेको छ ।

फ्रान्सको निस सहरमा रहेको एक चर्चमा बिहीबार चक्कु प्रहार गरी तीन जनाको हत्या गरिएको थियो । सो हमला आतंककारीद्वारा गराइएको हमला हो भन्दै यस्ता घटनाका दोषीदाई कानुनी कारबाहीको दायरामा ल्याइनुपर्ने उनले बताएको छ ।

महासचिव गुटर्रेसले मृतकहरूका आफन्तहरूलाई समवेदना पनि प्रकट गरेको छ । साथै उनले आतंककारीका विरुद्धको संघर्षमा संयुक्त राष्ट्रसंघ सधैं फ्रान्सेली सरकारको साथमा रहेको पनि बताएको छ । फ्रान्सको उक्त निस सहरमा यसअघि पनि आतंककारी हमला भएको थियो । त्यसमा परेर कैयौं नागरिकको ज्यान गएको थियो ।

फ्रान्सको निस सहरमा भएको 'आतंकवादी' हमलाका आक्रमणकारी यही महिनामात्र फ्रान्स आइपुगेको खुलासा भएको छ । २१ वर्षीय टुनिसियिन मूलका ब्राहिम औसाउई गत महिना शरणार्थीको डुङ्गा चढेर युरोप प्रवेश गरेका बताइएको छ ।

प्रत्यक्षदर्शीका अनुसार १२ इन्च लामो धारिलो हतियार लिएर उनी नोट्रे डाम चर्चमा प्रवेश गरेका थिए । उनले त्यहाँ एक वृद्ध महिलाको टाउको काटेका थिए । त्यसपछि उनले ५४ वर्षीय भिन्सेन्स लोक्वेसको हत्या गरेका थिए ।

घाइते बनेकी ४४ वर्षीया सिमोन बरोटा सिल्भा त्यहाँबाट भागेर नजिकैको रेस्टुरेन्टमा पुगेकी थिइन् । त्यहाँ उनले ज्यान गुमाइन् ।

'अल्लाह हु अकबर' भन्दै आक्रमणमा उत्रिएका ब्राहिमलाई प्रहरीले १४ राउन्ड गोली प्रहार गरेको थियो । प्रहरीले उनलाई नियन्त्रणमा लिएर अस्पतालमा भर्ना गरिएको जानकारी दिएको छ ।

प्रहरीका अनुसार ब्राहिम करिब ६:३० बजे बिहान रेलबाट सहर प्रवेश गरेका थिए । सीसीटिभी फुटेजका अनुसार त्यसपछि कपडा बदलेल उनी ८:३० बजे चर्च पुगेका थिए जहाँ उनले आधा घण्टा बिताएका थिए ।

ब्राहिम गत सेप्टेम्बर २० मा इटालीको टापु लाम्पेडुसा आइपुगेका थिए । पेरिसमा उनी गत अक्टुबर ९ मा आइपुगेका थिए ।

चार्ली हेब्डो नामक पत्रिकाले प्रोफेट मोहम्मदको कार्टुन प्रकाशित गरेपछि अलकायदाले 'जिहाद' छेड्ने बताउँदै थप आक्रमण गर्ने चेतावनी दिएको थियो । केही दिनअघि मात्र उक्त कार्टुन विद्यार्थीहरूलाई देखाएको आरोपमा एक शिक्षकको विभत्स हत्या गरिएको थियो ।

फ्रान्समा यतिबेला सम्भावित आतंकवादी हमलालाई मध्यनजर गर्दै सुरक्षा सतर्कता बढाइको छ । (रासस-एएनआई)

## हवाई आक्रमणमा नौ बालबालिकाको मृत्यु

**बाकु–**अजरबैजानमा पछिल्लो समयमा अर्मेनियासँगको झडपका कारण हवाई आक्रमणमा परेर कम्तीमा नौ जना बालबालिकाको ज्यान गएको छ ।

अजरबैजानको शिक्षा मन्त्रालयले अजरबैजान र अर्मेनियाबीचको विवादग्रस्त क्षेत्रमा भएको सो द्वन्द्वमा परेर ती बालबालिकाको ज्यान गएको जनाएको हो ।

अजरबैजान र अर्मेनियाबीच पछिल्ला केही हप्ता विवादास्पद क्षेत्र नागोर्नो काराबाखमा द्वन्द्व जारी रहेको छ । त्यहाँ भएका एकअर्काविरुद्धका आक्रमणमा सयौं नागरिकले ज्यान गुमाएका छन् । यी दुई देशका बीचमा दुई पटकसम्म युद्धविराम भएको भए पनि युद्धविरामको पालना नभएको बताइएको छ । जसका कारण अहिले पनि द्वन्द्व जारी नै रहेको छ ।

अजरबैजानका शिक्षामन्त्री अमिन अम्रुल्याएभले सो कुराको जानकारी दिनुभएको हो । उहाँले उक्त क्षेत्रमा पछिल्लो समयमा शुरुको भएको दुई देशबीचको द्वन्द्वका कारण नौ जना छात्रछात्राको ज्यान गएको बताउनुभएको छ । शिक्षामन्त्री अम्रुल्याएभले गत सेप्टेम्बर महिनाबाट जारी रहेको यस द्वन्द्वमा परेर विद्यालयमा अध्ययनरत नौ जना छात्रछात्राको ज्यान गएको बताएको हो ।

दुई देशका बीचमा गएको सेप्टेम्बर २७ मा युद्ध भड्किएको थियो र त्यसयता आक्रमण जारी रहेको बताइएको छ ।

नोगोर्नो काराबाख क्षेत्रलाई आफ्नो दाबी गर्दै दुवै आक्रमण गरिरहेका छन् । (रासस/एएनआई)


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-THEBAN & AL-AYED CO.

पूर्व स्वीकृति मिति २०७६/११/१८ LT. No. 234024 चलानी नं. ६०१५०१५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 7 | 0 | 1800 | ५६,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABIAN MEDICAL PRODUCTS MANUFACTURING COMPANY

पूर्व स्वीकृति मिति २०७६/११/१८ LT. No. 235160 चलानी नं. ६०१५०१५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Tailor | 10 | 0 | 1500 | ४७,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**फाइनल अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौंमा २३ कात्तिक आइतबार (8th Nov 2020) हुँदै छ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)

श्रम ईजाजत नं. ११०८/०७३/०७४

Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323



## NEPAL RED CROSS SOCIETY

### SEALED QUOTATION NOTICE

Sealed quotation are hereby invited from registered firms, supplier or printing press for the printing of IEC Materials. Sealed quotation should be submitted on or before 17November, 2020. The sealed quotation will be open on 18 November, 2020, at NRCS, National Headquarters, Kalimati, Kathmandu at 11:00 a.m. Sealed quotation form with detail specification of the materials can be purchased from NRCS, Procurement Management Section up to 13November, 2020, against payment of NRs. 200.00(nonrefundable) during office hours.

**Nepal Red Cross Society**
National Head Quarters
Kathmandu - Nepal
Phone: 4270167 / 4270650



## छिपहरमाई गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा, प्रदेश नं. २, नेपाल

### बोलपत्र आव्हान सम्बन्धी सुचना

**सूचना प्रकाशित मिति: २०७७/०७/१६**

यस कार्यालयबाट मिति २०७७०७०३ मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचनामा ठेक्का नं. ८/०७७/०७८ को कार्यको विवरण सम्बन्धमा तपसिल बमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्र सम्बन्धि कार्यको विवरण**

| सि.नं | ठेक्का नं. | कार्यको विवरण | ल.ई रकम (भैट र कन्टेनजैसी) सहित | धरौटी रकम | बोलपत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १ | ८/०७७/०७८ | कोरोना अस्पताल निर्माण, छिपहरमाई गा.पा.– ५, भिस्वा | ७८,१८,४१३।४० | १,९६,०००।०० | ३,०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत



## छायाँनाथ रारा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०७७०७१६**

यस कार्यालय अन्तर्गत वडा कार्यालयहरुको भवन निर्माण र कर्णाली माध्यमिक विद्यालय टोप्लाको विद्यालय भवन निर्माण सम्बन्धि कार्यको लागि मिति २०७७०५।०७ गते हिमालय टाइम्स तथा मिति २०७७०५।१६ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरुमध्ये न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर समेत) |
|---|---|---|---|
| १ | MUGU/CRM/W/NCB-1/077/078 | तिर्थ एण्ड राज्य रिजन निर्माण सेवा, छाँयानाथ रारा २, मुगु । | २४४६७४६।२८ |
| २ | MUGU/CRM/W/NCB-2/077/078 | प्रेम निर्माण सेवा, छाँयानाथ रारा ७, मुगु । | २४६९१९३।४९ |
| ३ | MUGU/CRM/W/NCB-3/077/078 | जीत निर्माण सेवा, छाँयानाथ रारा १, मुगु । | २६५४७४०।४६ |
| ४ | MUGU/CRM/W/NCB-4/077/078 | ऋणमोक्ष वर्क सप्लायर्स एण्ड कन्स्ट्रक्सन, छायाँनाथ रारा न.पा.२, मुगु | ८२३६९८९।१५ |



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

पशुपति विज्ञापन सेवा - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 ।** दन्तकाली स्टेशनरी - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र संचार - सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स: ०१-४२७१३२२। दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।


काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

## अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९८४००/- | प्रति तोला – ९७९००/- | प्रति तोला – १३९५/- |



विष्णु पौडेल, अर्थमन्त्री

# अर्थतन्त्र 'भी' आकारमा पुनः स्थापित हुन्छ, सबैले मेहनत गरौं

चार वर्ष पहिले अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्दा 'गोरखा भूकम्प' का कारण जनजीवन अस्तव्यस्त थियो। प्राकृतिक विपत्तिका कारण समस्यामा परेको मुलुकलाई भारतले गरेको नाकाबन्दीले थप समस्यामा पारेको थियो । सबै समस्यालाई छिचोलेर अर्थतन्त्रलाई लयमा लगेका सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का महासचिव विष्णुप्रसाद पौडेलले पुनः अर्थ मन्त्रालयको नेतृत्व सम्हालेका छन्। कोभिड- १९ का कारण फेरि यतिखेर अर्थतन्त्र समस्यामा छ। उनीमाथि नागरिकको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै आर्थिक गतिविधिलाई चलायमान बनाउने प्रमुख जिम्मेवारी पनि रहेको छ। पार्टीभित्र होस् वा मुलुकको अर्थतन्त्र समस्यामा पर्दा समन्वय गरेर परिणाम निकाल्नमा सक्षम अर्थमन्त्री पौडेलसँग मुलुकको पछिल्लो आर्थिक अवस्था, सरकारको कामकारवाहीलगायतक विषयमा **रासस**का लागि **रमेश लम्साल**ले गरेको अन्तर्वार्ताको सम्पादित अंश :

◆ **चार वर्षअघि तपाइँले अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्दा गोरखा भूकम्प, भारतको नाकाबन्दीलगायत समस्या थिए। तिनलाई येनकेन छिचोल्नुभयो । यसपटक पुनः अर्थमन्त्री बन्दा कोरोना भाइरसको प्रभावले मुलुकको अर्थतन्त्रलाई नराम्ररी प्रभावित पारेको छ ? यस्तो अवस्थामा अर्थतन्त्रलाई गति दिन यहाँले कस्तो योजना बनाउनुभएको छ ?**

- कोभिड- १९ का कारण अहिले हाम्रो अर्थतन्त्र प्रभावित भएको छ । आर्थिक वृद्धिदर घट्ने र बेरोजगारी बढ्ने अवस्था देखिएको छ । यसले घट्दै गएको गरीबीको दरलाई पनि प्रभावित पार्छ नै । यस अवस्थामा अर्थतन्त्रलाई गति दिन मैले ६ वटा क्षेत्रमा जोड दिएको छु । पहिलो, बजेटको प्रभावकारी कार्यान्वयन । दोस्रो, यसैसँग सम्बन्धित पूँजीगत खर्चको बढोत्तरी । तेस्रो, चालु खर्चमा मितव्ययिता । चौथो, कोभिड- १९ बाट प्रभावित विपन्न र गरीब वर्गलाई राहत । पाँचौं, अतिप्रभावित आर्थिक क्षेत्रलाई सहयोग र छैटौं, सरकारको बढ्दो खर्चको आवश्यकता परिपूर्ति गर्न वित्तीय स्रोतको प्रभावकारी व्यवस्थापन । अहिलेलाई कम्तीमा यति गऱ्यौं भने अर्थतन्त्रले गति लिन सक्छ ।

यी कार्यहरूमा राजनीतिक दल, निजी क्षेत्र, सञ्चारकर्मी, सरोकारवाला र आमजनसमुदायको पनि सक्रिय सहभागिताको अपेक्षा गर्दछु । हामीसँग भूकम्प र नाकाबन्दीको दृढतापूर्वक सामना गरेको अनुभव छ । हामीले सबैसँगको सहकार्य र समन्वयमा भूकम्पपछिको पुनर्निर्माणमा महत्वपूर्ण उपलब्धि हासिल गरेका छौं । अहिलेको अवस्था अलि फरक छ । कोरोनाको प्रभाव र असर बहुआयामिक छन् तर सबैको साथ र सहयोगमा कोभिड- १९ को प्रभावले सिर्जित चुनौतीहरूलाई हामी सामना गर्न सक्छौं । त्यो आत्मविश्वासका साथ मैले काम थालिसकेको छु ।

◆ **चालु आर्थिक वर्षको बजेट तयारीका क्रममा कोरोनाबाट प्रभावित नेपालको अर्थतन्त्र पुनः 'भी' आकारमा उठ्छ र पुनः जीवन पाउँछ भन्ने चर्चा गरिएको थियो । त्यो सम्भावना कत्तिको रहेको छ ?**

- कोरानाको संक्रमण कायमै छ । खोप नआउन्जेल यसको रोकथाम, उपचार र व्यवस्थापनमा लाग्नुपर्ने खाँचो छ । कोरोना संक्रमणको बीच पनि हामी अर्थतन्त्रलाई चलायमान राख्ने केही काम गरिरहेका छौं । प्रभावित व्यवसायहरूलाई राहत दिन सहुलियतपूर्ण कर्जा र पुनर्कर्जाको कार्यान्वयन शुरु भएको छ। अब स्वास्थ्य सुरक्षाका मापदण्डहरू पालना गरेर आर्थिक गतिविधि अघि बढाउन सबै क्षेत्रलाई आग्रह गर्दछु। अर्थतन्त्रलाई थप गति दिन सबै सरोकारवालाहरूले के गर्न आवश्यक छ भन्ने सन्दर्भमा सम्बन्धित क्षेत्रका व्यक्तिहरूसँग छलफल गरिरहेको छु। थप सुझावहरू दिन आह्वान गर्दछु । उत्पादनका भौतिक संयन्त्रमा कोभिड- १९ सङ्क्रमणले खासै असर नगरेकाले हामीले अघि सारेका कार्यक्रमको कार्यान्वयन र सङ्क्रमण घट्दै गएपछि अर्थतन्त्र चलायमान हुन्छ र भी आकारमा पुनरुत्थान हुन्छ भन्ने मेरो विश्वास छ ।

◆ **कोरोनाबाट प्रभावित उद्योग, व्यवसाय, रोजगारी खोसिएका नागरिक सबैले सरकारका तर्फबाट साथ र सहयोग खोजेका छन् । उनीहरूको अपेक्षा पूरा गर्नेतर्फ तपाइँका के कस्ता योजना छन् ?**

- कोरोनाले सबै व्यक्ति, वर्ग र क्षेत्रका मानिसहरूलाई असर गरेको छ । असरको मात्रा केही फरक छ र त्यसलाई थेग्न सक्ने क्षमता पनि फरक फरक छ। एकातर्फ ज्यादै विपन्न वर्ग र समुदायका व्यक्तिहरूलाई बाँच्नको लागि राहतको खाँचो छ । यसतर्फ लाग्दै आएका छौं । अब त्यसमा समीक्षा गरेर नयाँ ढङ्गले अघि बढ्छौं । अति प्रभावित आर्थिक क्षेत्रहरूलाई विशेष सहयोग गरेर पुनरुत्थान गर्नेछौं । बजेट र मौद्रिक नीतिले अबलम्बन गरेका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्नेछौं । साथै प्रभावित क्षेत्रका सरोकारवालाहरूसँग छलफल र परामर्श गरेर थप कार्ययोजना तर्जुमा गर्नेछौं । सरकार कोराना प्रभावित सबै व्यक्ति र व्यवसायीहरूको साथमा छ । म कोराना सङ्क्रमणबाट सबै जना बच्न, स्वास्थ्य मापदण्ड र होशियारी अपनाउँदै उपलब्ध रोजगारी र आर्थिक उपार्जनमा संलग्न हुन पनि अपिल गर्दछु। साथै उद्योग व्यवसायीहरूलाई पनि कोभिड- १९ ले सिर्जित परिस्थितिलाई आकलन गरी स्वास्थ्य मापदण्डका साथ काम शुरु गर्न अपिल गर्दछु । समस्याहरूलाई समाधान गर्दै अघि बढ्न सरकार सबै क्षेत्रलाई साथमा लिएर हिँड्न र साथ दिन तयार छ। यसको मर्म र भावनालाई आत्मसात् गर्दै आआफ्नो ठाउँबाट सक्रिय हुन आग्रह गर्दछु । यसो गर्दा स्वास्थ्य सुरक्षालाई विशेष ध्यान दिन म विशेष आग्रह गर्दछु ।

◆ **कोरोनाका कारण सक्तुचनमा परेको अर्थतन्त्रलाई पुनःजीवन दिएर गति दिने र सरकारले अपेक्षा गरेको आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सरकारका तर्फबाट थप केही सम्बोधन गर्नुपर्छ भन्ने निजी क्षेत्रको मागलाई तपाइँले कसरी लिनुभएको छ ?**

- निजी क्षेत्रको भनाइ तथा मागलाई सकारात्मक रूपमा लिएको छु । उहाँहरूसँग थप छलफल र परामर्श गर्ने क्रममा पनि छु । हाम्रो अर्थतन्त्रमा निजी क्षेत्रको भूमिका अहं रहेको सन्दर्भमा सरकारले निजी क्षेत्रलाई प्रोत्साहन गर्ने काम गर्छ । निजी क्षेत्रलाई नवीनतम ढङ्गबाट अहिलेको अवस्थामा नयाँ रणनीतिहरू अवलम्बन गर्नुहुन पनि अनुरोध गर्छु । सरकार, निजी क्षेत्र र अन्य सरोकारवालाहरूको आपसी सहकार्यमा नै आर्थिक समृद्धिको लक्ष्य हासिल हुने हो । त्यसमा म स्पष्ट छु ।

◆ **विपत्तिका कारण आर्थिक गतिविधि कम हुँदा राजश्वमा समेत चाप परेको छ । चालु आवको तीन महिनाको अवस्थालाई हेर्दा तोकिएको लक्ष्य पूरा होला भन्ने यहाँलाई लाग्छ ? यदि लाग्दैन भने लक्ष्य पूरा गराउनेतर्फ यहाँको के कस्ता योजना छन् ?**

- पक्कै पनि कोरोना भाइरसको सङ्क्रमण, यसको न्यूनीकरण तथा रोकथामका लागि गरिएको बन्दाबन्दीले गर्दा आर्थिक क्रियाकलाप शिथिल भएको हो र अपेक्षित मात्रामा राजश्व परिचालन नभएको हो । यसले गर्दा गत वर्षको पहिलो त्रयमासभन्दा चालु आर्थिक वर्षको पहिलो त्रयमासमा राजश्व सङ्कलन कम रहेको छ । पहिलो त्रयमासमा लिइएको लक्ष्यको ८७ प्रतिशत राजश्व सङ्कलन भएको छ। विसं २०७७ कात्तिक १३ गतेसम्म रू १८९ अर्ब राजश्व सङ्कलन भएको छ । कोरोना सङ्क्रमण ज्यादै बढेर पुनः बन्दाबन्दीको अवस्था नआएमा लक्ष्य नजीक पुग्न सकिन्छ। कोरोना सङ्क्रमण बढ्न नदिन हामी सबैले होशियारी अपनाउँदै आर्थिक गतिविधिमा संलग्न हुन जरुरी छ । आर्थिक गतिविधि बढ्दै गएमा राजश्व सङ्कलन सहज हुन्छ । साथै म राजश्व सङ्कलनका लागि राजश्व चुहावट नियन्त्रण र राजश्वको दायरा फराकिलो बनाउनेतर्फ पनि ध्यान दिनेछु ।

◆ **यहाँले पदबहालीका क्रममा आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शिताको विषयलाई बढ्ता जोड दिनुभएको थियो । किन ती विषय यहाँको प्राथमिकतामा परे ?**

- कोभिड- १९ ले गर्दा स्वास्थ्य क्षेत्रको खर्च ह्वात्तै बढेको छ। आर्थिक गतिविधिमा कमी आउँदा राजश्व सङ्कलनमा दवाव परेको छ तर पनि कोभिड- १९ का सन्दर्भमा जनताको स्वास्थ्य परीक्षण र उपचारमा लाग्ने खर्चमा कुनै कमी हुन दिँदैनौं । यस सन्दर्भमा चालु खर्चमा अनुशासन, मितव्ययिता र पारदर्शिता हुनैपर्छ । वित्तीय अनुशासन, खर्च कटौती र गरिएका खर्चहरू पारदर्शी ढङ्गले जनसमक्ष राख्नुपर्छ भन्ने मान्यताका आधारमा मैले जोड दिइएको हुँ ।

◆ **नयाँ संविधान कार्यान्वयनमा आएलगत्तै हरेक वर्ष जेठ १५ गते नै बजेट ल्याउने व्यवस्था गरिए पनि कार्यान्वयनको कोणबाट हेर्दा अपेक्षा गरेअनुसार हुन सकेको छैन । यस्तो अवस्थालाई कसरी सुधार्नुहुन्छ ?**

- बजेट कार्यान्वयन, त्यसमा पनि पूँजीगत खर्चको कार्यान्वयन कमजोर रहँदै आएको छ । जेठ १५ गते बजेट आए पनि पूँजीगत खर्च बढ्न नसक्नुमा हाम्रो काम गर्ने शैली, लामो खरीद प्रक्रिया, ठूला ठेक्कापट्टामा आउने अन्य व्यावहारिक झमेला, आयोजना व्यस्थापनमा सरकारी संयन्त्रको क्षमता र निर्माण व्यवसायीहरूको क्षमताले प्रभाव पारेको छ । यसको निराकरणतर्फ म लाग्ने छु । पूँजीगत बजेट बढी भएका मन्त्रालयहरूलाई कामको गति बढाउन उत्प्रेरित गर्ने, अनुगमन गर्ने र सहजीकरण गर्ने काम गर्नुछ। ध्यानपूर्वक समयमै काम सम्पन्न गर्न विकास निर्माणसँग जोडिएका सबै कर्मचारी, निर्माण व्यवसायी र अन्य सरोकारवालाहरूलाई अपिल गर्दछु । विकास आयोजनाहरूलाई बजेटको अभाव हुन दिन्न तर केही क्षेत्रमा भने प्राथमिकतामा तलमाथि हुन सक्छ। यतिबेला हामी सबैको सर्वोच्च प्राथमिकताको विषय जनताको स्वास्थ्य सुरक्षा नै हुनुपर्छ । जनताको जीवन र जीविका रक्षा गर्न अर्थ मन्त्रालयले आफ्नो ठाउँबाट कुनै कसर बाँकी राख्ने छैन । म सम्बन्धित पक्षलाई नीति तथा कार्यक्रमहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न विशेष आग्रह गर्न चाहन्छु । हामी सबै आआफ्नो ढङ्गले विशेष परिस्थितिमा विशेष रूपमा सक्रिय भएर लागेमा ठीक ढङ्गले अघि बढ्न सकिन्छ ।

◆ **सरकारले अगाडि सारेका कार्यक्रम प्रभावकारी बन्न नसक्दा अर्थतन्त्रको आकार वृद्धि हुन सकेको छैन, रोजगारी बढेको छैन । खर्च गर्ने सवालमा समेत समस्या रहेका छन्। यसलाई कसरी सुधार्ने ?**

- हो, लक्ष्यअनुरूप पूँजीगत खर्च हुन सकेको छैन । यसलाई बढाउनुपर्छ । उपलब्ध भौतिक पूर्वाधार हरूको प्रयोग गरेर स्वरोजगार हुने र सञ्चालनमा रहेका भौतिक पूर्वाधारहरूको निर्माणमा नेपालीहरूको रोजगार सहभागिता अलि कम भएको देख्दछु। एकातर्फ नेपालीहरूलाई रोजगारी दिन निर्माण व्यवसायीहरूलाई अपिल गर्दछु भने बेरोजगार व्यक्तिहरूलाई पनि आफ्नो क्षमता विस्तार गरेर उपलब्ध रोजगारीमा संलग्न हुन अनुरोध गर्दछु । लघुउद्यम विकास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम र सीप विकास तालीमहरूमा सहभागी हुन र सहुलियत कर्जाको सदुपयोग गरी स्वरोजगार हुन अनुरोध गर्दछु । बेरोजगारीको समस्या भोगिरहनु भएकालाई सरकार र विभिन्न क्षेत्रको सहयोगमा कुनै न कुनै कार्यमा सहभागी हुने योजना बनाउन तथा कार्यक्रममा सहभागी हुन म आग्रह गर्दछु। स्रोतको अभावमा अल्झिरहनुभएका साथीहरूलाई गरिखाने वातावरण सिर्जना गर्दै अघि बढ्नका लागि सरकार साथ दिन तयार छ । म यस कार्यमा प्रदेश सरकार र स्थानीय तहलाई पनि सक्रियताका साथ लाग्न अनुरोध गर्दछु ।

◆ **तपाइँ पहिलो पटक अर्थमन्त्री बन्दा एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजनाका लागि भनेर पेट्रोलियम पदार्थमा कर लगाइएको थियो । आयोजनाका लागि भनेर पैसा उठ्ने तर आयोजना भने अगाडि नबढ्ने अवस्था रहेको छ । सो आयोजनालाई अगाडि बढाउनेतर्फ केही गर्दै हुनुहुन्छ ?**

- स्वदेशकै पूँजीले बनाउने भनेर बूढीगण्डकी जलविद्युत् आयोजनाका सन्दर्भमा पेट्रोलियम पदार्थमा कर लगाइएको हो। यसबाट अहिलेसम्म रू ४९ अर्ब ६९ करोड रकम उठेको छ। यो आयोजनाको प्रभावित क्षेत्रका बासिन्दाहरूलाई मुआब्जा बाँड्ने काम भइरहेको छ । साथै विस्तृत आयोजना प्रतिवेदन र वातावरणीय अध्ययन प्रतिवेदन तयार भएको छ। हालको अवस्थामा कसरी अगाडि बढ्ने भन्ने सन्दर्भमा सरोकारवालाहरूसँग छलफल गरी ठोस निष्कर्षमा पुग्ने छौं ।

◆ **विशेष गरी विकासनिर्माणका आयोजनामा असाध्यै धेरै समस्या छन् । राष्ट्रिय गौरवका आयोजनाको अवस्था पनि उस्तै छ । ती आयोजनालाई गति दिएर जनतालाई मुलुक विकासको गतिमा अगाडि बढिरहेको छ र जनअपेक्षा सम्बोधन भएको छ भन्ने कसरी अनुभूत गराउनुहुन्छ ?**

- राष्ट्रिय गौरवका केही आयोजनाहरूबाहेक धेरै आयोजनाहरूको कार्यान्वयनको गति धीमा छ। विभिन्न खालका समस्यामा ती आयोजनाहरू जेलिएका छन् । विकास आयोजनाहरूमा बजेट भएर पनि द्रुत गतिमा कार्यान्वयन नहुनु चिन्ताको विषय हो । यी आयोजनाहरूका समस्याहरूका बारेमा सम्बन्धित निकायहरूसँग छलफल गरी समाधानका उपाय निकाल्ने र कार्यान्वयनलाई गति दिने काम गर्नेछौं। आयोजना कार्यान्वयनमा संलग्न निकाय र व्यक्तिहरूको कार्यान्वयनको प्रगति हेरेर दण्ड र सजायको व्यवस्था गर्ने र कर्मचारी र निर्माण व्यवसायीहरूको कार्यान्वयन क्षमता बढाउनेतर्फ पनि लाग्ने छौं ।

◆ **बहुवर्षीय परियोजनाको हकमा बढी समस्या देखिएको छ। ती आयोजनामा स्रोतको उपयोग नहुने, निर्माण व्यवसायीले पनि काम नगर्ने अवस्था देखिएको छ । त्यसलाई कसरी सम्बोधन गर्दै हुनुहुन्छ ?**

- परियोजनाहरूको कार्यान्वयनमा विभिन्न खालका समस्याहरू छन् र त्यसै कारणले व्यवधान देखिएको छ । परियोजनाअनुसार फरकफरक समस्याहरू रहेका छन्। समस्याहरू समाधान गर्ने क्षमता पनि बढाउनु पर्नेछ। अब खासगरी ठूला आयोजनाहरूको कार्यान्वयनमा देखिएको समस्याबारे छलफल गरी समाधानतर्फ अग्रसरता लिन्छु । समयमै विकास परियोजना सम्पन्न भएमा हामी सबैलाई फाइदा हुने हुँदा सानातिना समस्याहरू सम्बन्धित व्यक्तिहरूले सक्रियता लिएर यथाशीघ्र समाधान गर्नुपर्छ । ठूला समस्याहरूबारे समयमै हामीलाई जानकारी गराउनुपर्छ । विकास परियोजनाहरूमा अनावश्यक व्यवधान सिर्जना गर्नुहुन्न । स्थानीय, प्रदेश र केन्द्रका जनप्रतिनिधिहरूले पनि आफ्नो क्षेत्रमा सञ्चालित विकास आयोजनाहरूको अनुगमन गर्न, सहजीकरण गर्न र आइपर्ने व्यवधानहरू समाधान गर्न सहयोग गर्नुपर्छ ।

◆ **आन्तरिक स्रोतबाट अगाडि बढाइएका विकास आयोजना र दातृ निकायको सहयोगमा सञ्चालित परियोजनामा समेत गति देखिएको छैन ? त्यसलाई अगाडि बढाउनेतर्फ यहाँले के त्यस्ता योजना ल्याउँदै हुनुहुन्छ ?**

- तिनै समस्याहरू दातृ निकायको सहयोगमा सञ्चालित आयोजनाहरूमा पनि देखिन्छन् । यिनीहरूको कार्यान्वयनको गति बढाउन समस्याको चुरो कहाँ छ भनी पत्ता लगाउने र त्यसको समाधान गर्ने हो । सम्बन्धित सबै सरोकारवालाहरूलाई आयोजना परियोजना कार्यान्वयनमा ध्यान दिएर लाग्न अनुरोध पनि गर्दछु। देशको विकासको काम सबैको जिम्मेवारी र दायित्व हो ।

◆ **निजी क्षेत्रले करका विषयमा सधैँ गुनासो गरेको सुनिन्छ ? यसमा खास रूपमा समस्या कहाँ हो भन्ने ठान्नुहुन्छ ? समस्या समाधानका लागि के छन् तपाइँसँग कार्ययोजना ?**

- निजी क्षेत्रले तिरेको करबाट राज्य सञ्चालित भई राज्यका सेवाहरू जनतालाई प्रभाव गर्ने हो । सरकारले सार्वजनिक सेवाहरू प्रवाह गर्न र भौतिक पूर्वाधार निर्माणका लागि चाहिने प्रमुख वित्तीय स्रोत नै कर हो। कर तिर्नु हाम्रै आफ्नै विकासको लागि हो भने सोच्नुपर्ने हुन्छ तर सही आर्थिक क्रियाकलापलाई नकारात्मक असर पर्ने गरी कर लगाउनु हुँदैन भन्ने मान्यता राख्दछु । करबाट उठाएको रकमको सही, मितव्ययी र पारदर्शी प्रयोग गर्न हामी प्रतिबद्ध छौं। कर नीति लगानी प्रवर्द्धन र रोजगारी सिर्जना गर्न सहयोगी हुनुपर्छ । यदि अहिले भएको कर व्यवस्थाका सम्बन्धमा केही समस्या छन् भने निजी क्षेत्रसँग छलफल गर्न सकिन्छ। हामी निजी क्षेत्रलाई दुःख दिने, अल्झाउने, हतोत्साहित बनाउने पक्षमा छैनौं । प्रोत्साहन र सहयोग गरेर नै जान्छौं तर इमान्दारीपूर्वक कर तिरेर सहयोग गर्न पनि म सम्बन्धित सबै पक्षलाई अनुरोध गर्छु ।

◆ **सरकारका तर्फबाट बजेटमा स्पष्ट रूपमा नै सम्बोधन भए पनि निजी क्षेत्रले अझै पनि कोरोना प्रभावित क्षेत्रका लागि उद्दीपन (स्टिमुलस) योजना खै त भनिरहेका छन्। थप के योजना छ ?**

– बजेटमा निजी क्षेत्रलाई पुनरुत्थान गर्नका लागि केही खास प्रावधान राखिएका छन् । विद्युत महसुलमा छुट, सहुलियत ब्याजमा कर्जा उपलब्ध गराउन ब्याज अनुदानका लागि बजेट व्यवस्था, एक खर्ब रुपियाँको पुनर्कर्जा कोषको व्यवस्था, कोभिड- १९ पीडित व्यवसायका लागि रू ५० अर्बको व्यवसाय सञ्चालन कोष, लघु, साना र मझौला उद्योगहरूका लागि आयकरमा छुटको व्यवस्था गरिएको छ । यी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनले पनि धेरै सहयोग गर्नेछ। थप उद्दीपनका लागि सबै सरोकारवालाहरूसँग छलफल गरी आवश्यकता परे थप व्यवस्था गरौंला। यसका लागि निजी क्षेत्र र विज्ञहरूले पनि सुझावहरू उपलब्ध गराउनुपर्छ ।

◆ **अचेल सरकारले विपत्तिमा परेका नागरिकलाई उपचार गर्न चाहेन भन्ने जस्ता आरोप पनि यदाकदा सुनिन्छ। यसलाई यहाँले कसरी विश्लेषण गर्नुभएको छ ?**

- सरकार कुनै पनि प्राकृतिक विपद्मा परेका नागरिकहरूलाई सहयोग गर्छ । म प्रष्टसँग भन्न चाहन्छु, कोरोना भाइरसको लक्षण देखा परेका नागरिकको स्वास्थ्य परीक्षण र उपचार सरकारको सर्वोच्च प्राथमिकतामा छ। त्यसको सम्पूर्ण जिम्मा नेपाल सरकारले लिन्छ। व्यावहारिक रूपमा केही समस्या देखा परेका हुन सक्छन्, बुझाइमा पनि केही समस्याहरू हुन सक्छन् । तिनलाई समाधान गर्दै बुझाउँदै अघि बढ्छौं ।

अहिले कोभिड- १९ ले सिर्जित समस्या हामीलाई नौलो भएको र व्यवस्थापकीय क्षमतालाई चुनौती दिने तहको भएकाले समस्याहरू देखा परेका हुन् । विपत्का बेला त्यो स्वाभाविक पनि हो तर केन्द्र, प्रदेश र स्थानीय सरकारले विभिन्न कामहरू गरेका छन् । केही ठाउँमा उदाहरणीय कार्य पनि भएका छन्। हामी विगतको समीक्षा गर्दै थप योजना तथा कार्यक्रमहरू ल्याएर अघि बढ्छौं । लोकतान्त्रिक पद्धतिमा सरकारका नीति तथा कार्यक्रम र विभिन्न निकायका निर्णयहरूमा बहस, छलफल, आलोचना र टीकाटिप्पणी हुनु स्वाभाविकै हो । म यसलाई सकारात्मक रूपमा लिन्छु। ठीकलाई ठीक, बेठीकलाई बेठीक भनिदिने र विनापूर्वाग्रह गरिने आलोचनाहरूले हामीलाई काम गर्न सहयोग र प्रोत्साहन गर्छ । सङ्कटका बेला धैर्यपूर्वक काम गर्ने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको संस्कार रहँदै आएको छ । हामीले भूकम्पले सिर्जित समस्यालाई पार लगायौं। जनताको साथ र सहयोगमै हामी कोरोना भाइरसबाट सिर्जित समस्याहरूलाई पनि समाधान गर्छौं। यसका लागि सरकार नागरिकहरूसँग एक आपसमा सहकार्य गरेर अघि बढ्छ ।

◆ **प्रसारण लाइन तथा पूर्वाधारको क्षेत्रमा जोडिएको अमेरिकी सहयोग कार्यक्रम एमसिसी पूर्वअर्थमन्त्रीले होल्डमा रहेको बताउनुभएको थियो। सो परियोजना कसरी अगाडि बढ्ला ?**

- यो विषय सम्मानित संसद्मा प्रवेश भइसकेको छ। हामी पर्याप्त छलफलका साथ उचित निर्णयमा पुग्छौं । संसद्ले गर्ने निर्णयलाई सरकारले हार्दिकपूर्वक ग्रहण गर्छ ।

◆ **आगामी आर्थिक वर्षको बजेट बनाउने कामसमेत शुरु भयो होला । आगामी वर्षको बजेटको भ्रूण कस्तो छ ?**

- आगामी वर्षको बजेटले कोभिड- १९ ले पारेको प्रभावलाई निस्तेज पारी पुनः आर्थिक वृद्धिदर बढाउने, गरीबी निवारण गर्ने र समन्यायिक र सन्तुलित विकासलाई जोड दिने गरी अगाडि बढ्न लागेको छु। हामी अहिले कोभिड- १९ को प्रकोपका बीचमा छौं। यसले विश्वका सबै देशहरूलाई असर पारेको छ र चुनौतीहरू सिर्जना गरेको छ। खोप नआउन्जेल यो रोग हामीसँगै रहन सक्छ। त्यसैले हामी सबैले स्वास्थ्य मापदण्ड अपनाएर आर्थिक गतिविधिमा संलग्न हुनुपर्छ। साथै प्रदेश सरकार र स्थानीय तहहरूले पनि कोभिड- १९ बाट प्रभावित जनता र व्यवसायहरूको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्न आआफ्ना क्षेत्रबाट थप प्रयासहरू गर्नु जरुरी छ । अर्थ मन्त्रालयले के सहयोग गर्नुपर्छ, त्यसबारे जानकारी र सुझावहरूको अपेक्षा गरेको छु। हामी सबै एक जुट भएर लाग्यौं भने कोराना महामारीलाई परास्त गर्न र समृद्धिको यात्रालाई गति दिन सक्नेछौं ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, सम्पादकः कमलराज राई